| 4 | ग्ल्याड स्टोन | वविशा राजबाहक | ९ | शान्ति राजबाहक | म.थि.न.पा-९ | |
| 5 | ग्ल्याड स्टोन | केयन गुरुङ | ७ | कुविर बहादुर गुरुङ | म.थि.न.पा-७ | |
| 6 | ग्ल्याड स्टोन | आयुग खतिवडा | ८ | रिता पोखरेल | म.थि.न.पा-६ | |
| 7 | ग्ल्याड स्टोन | अविना कर्मी | ५ | प्रेम कृष्ण कर्मी | म.थि.न.पा-९ | |
| 8 | ग्ल्याड स्टोन | विशेष प्रजापती | ८ | विजेन्द्र प्रजापती | म.थि.न.पा-६ | |
| 9 | ग्ल्याड स्टोन | बेविका श्रेष्ठ | ३ | कमला श्रेष्ठ | म.थि.न.पा-५ | |
| 10 | ग्ल्याड स्टोन | गैरव कारंजित | ८ | गंगा कारंजित | म.थि.न.पा-६ | |
| 11 | ग्ल्याड स्टोन | एलिजा श्रेष्ठ साँय | ८ | चन्देश श्रेष्ठ साँय | म.थि.न.पा-६ | |
| 12 | ग्ल्याड स्टोन | साफ्रोन धेके | ४ | सुरेश धेके | म.थि.न.पा-८ | |
| 13 | ग्ल्याड स्टोन | लासामीहाङ्ग नेम्बाङ | ६ | सन्तकुमार नेम्बाङ | पाँचथर-४ | |
| 14 | ग्ल्याड स्टोन | विसन राजबाहक | ७ | लक्ष्मी राजबाहक | म.थि.न.पा-९ | |
| 15 | ग्ल्याड स्टोन | नरेन धौबन्जार | ५ | संगिता राजथला | म.थि.न.पा-९ | |
| 16 | ग्ल्याड स्टोन | सागर महत | ७ | भुवल महत | म.थि.न.पा-६ | |
| 17 | ग्ल्याड स्टोन | ज्ञान जला जिम्मा | ३ | ज्ञानेन्द्र जिम्मा | म.थि.न.पा-८ | |
| 18 | ग्ल्याड स्टोन | सब्बिका प्रजापती | ३ | चन्द्र कृष्ण प्रजापती | म.थि.न.पा-६ | |
| 19 | ग्ल्याड स्टोन | सक्षम थापामगर | ५ | उर्मिला थापामगर | म.थि.न.पा-६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 20 | ग्ल्याड स्टोन | बासुदेव सिजापती | ९ | रवि सिजापती | म.थि.न.पा-६ | |
| 21 | ग्ल्याड स्टोन | युनिक नोकु श्रेष्ठ | ७ | सुजिन्द्र नोकु श्रेष्ठ | म.थि.न.पा-८ | |
| 22 | ग्ल्याड स्टोन | सुजैना पोडे | ३ | रुविन पोडे | म.थि.न.पा-८ | |
| 23 | ग्ल्याड स्टोन | सुनिज्ञा राजबाहक | ८ | ज्ञानमाया पुतुवार | म.थि.न.पा-९ | |
| 24 | ग्ल्याड स्टोन | साइरा प्रजापती | ४ | सैलेन प्रजापती | म.थि.न.पा-८ | |
| 25 | ग्ल्याड स्टोन | नेशन के.सी. | १ | बेली गौतम | रामेछाप-२ | |
| 26 | ग्ल्याड स्टोन | प्रशान कायष्ठ | ५ | संगिता कायष्ठ | म.थि.न.पा-६ | |
| 27 | ग्ल्याड स्टोन | दिब्यांश शिलवाल | १ | सन्तोषी भण्डारी | म.थि.न.पा-६ | |
| 28 | ग्ल्याड स्टोन | सन्जोक राजबाहक | ७ | माइला राजबाहक | म.थि.न.पा-९ | |
| 29 | ग्ल्याड स्टोन | सुहान राजबाहक | ७ | सुनहरी राजबाहक | म.थि.न.पा-९ | |
| 30 | ग्ल्याड स्टोन | आरोही राज भण्डारि | ३ | सकुन्तला श्रेष्ठ | म.थि.न.पा-७ | |
| 31 | ग्ल्याड स्टोन | खुशी पोडे | ७ | रविन पोडे | म.थि.न.पा-८ | |
| 32 | ग्ल्याड स्टोन | लुनिभा बुढा श्रेष्ठ | ६ | राम भक्त बुढा श्रेष्ठ | म.थि.न.पा-८ | |
| 33 | ग्ल्याड स्टोन | सरिक द्यों श्रेष्ठ | ४ | लुमन द्यों श्रेष्ठ | म.थि.न.पा-8 | |
| 34 | ग्ल्याड स्टोन | प्रकृति प्रजापती | ७ | गणेशमान प्रजापती | म.थि.न.पा-6 | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | मध्यपुर किड्स | इरोज होना | २ | रोजिना सिपाही | म.थि.न.पा-८ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | क्रिएटिभ | सिमरन थापामगर | ४ | सुनिल थापामगर | म.थि.न.पा-६ | |
| 2 | क्रिएटिभ | पलीस्था राजबाहक | ६ | सुकुमाया श्रेष्ठ | म.थि.न.पा-९ | |
| 3 | क्रिएटिभ | रिजन सुनार | ३ | राम सुनार | म.थि.न.पा-६ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | सुप्रिम | शुभम श्रेष्ठ | नर्सरी | भुवन श्रेष्ठ | म.थि.न.पा-६ | |
| 2 | सुप्रिम | सान्भि श्रेष्ठ | १ | भिषण श्रेष्ठ | म.थि.न.पा-६ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | होली गार्डेन | आशिक नेपाली | ८ | बच्चु नेपाली | म.थि.न.पा-६ | |
| 2 | होली गार्डेन | समर्पण कारंजित | ६ | रस्ना महर्जन कारिंजत | म.थि.न.पा-६ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | हिमचुली | तिलक बहादुर खड्का | ३ | कमला खड्का | म.थि.न.पा-७ | |
| 2 | हिमचुली | साहिरा अधिकारी | नर्सरी | सन्देश अधिकारी | म.थि.न.पा-७ | |
| 3 | हिमचुली | सिमरन थापा | ७ | धनमाया संग्रौला | इ.नपा-९ | |
| 4 | हिमचुली | रविना भण्डारि | ३ | रामहरी भण्डारी | सिन्धुपाल्चोक-४ | |
| 5 | हिमचुली | यमन कार्की | ५ | यमुना खड्का कार्की | म.थि.न.पा-७ | |
| 6 | हिमचुली | शुभेच्छा भट्ट | ८ | रमिता देवी खकुरेल | म.थि.न.पा-७ | |
| 7 | हिमचुली | रुशिका श्रेष्ठ | नर्सरी | रोशन श्रेष्ठ | म.थि.न.पा-७ | |
| 8 | हिमचुली | रास्दा राना मगर | ७ | चिनु दाहाल | म.थि.न.पा-२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 9 | हिमचुली | सम्पदा पोखरेल | १० | कविता पोखरेल | म.थि.न.पा-७ | |
| 10 | हिमचुली | संयोग थापा | ४ | शोभा कार्की थापा | झापा | |
| 11 | हिमचुली | रिजन रम्तेल | ४ | पञ्चलक्ष्मी प्रजापती | म.थि.न.पा-७ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | स्मल किड्स | प्रतिक प्रजापति | १ | पञ्चलक्ष्मी प्रजापती | म.थि.न.पा-२ | |
| 2 | स्मल किड्स | रेहान प्रजापती | ४ | राजु प्रजापती | म.थि.न.पा-५ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | प्राइम एकेडेमी | दिलिशा राजबाहक | ६ | दिनेश राजबाहक | म.थि.न.पा-९ | |
| 2 | प्राइम एकेडेमी | सुगम राजबाहक | ६ | राजेश्वरी राजबाहक | म.थि.न.पा-९ | |
| 3 | प्राइम एकेडेमी | सोयन राजबाहक | ५ | माया राजबाहक | म.थि.न.पा-९ | |
| 4 | प्राइम एकेडेमी | विजेन राबाहक | ४ | नानीमाया तण्डुकार | म.थि.न.पा-९ | |
| 5 | प्राइम एकेडेमी | सक्रिना राजबाहक | ७ | सन्तलाल राजबाहक | म.थि.न.पा-९ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | लर्ड बुद्ध | सुरक्षा राजबाहक | ४ | ललिता श्रेष्ठ | म.थि.न.पा-९ | |
| 2 | लर्ड बुद्ध | श्रीजन राजबाहक | ७ | सन्तमाया महतो | म.थि.न.पा-९ | |
| 3 | लर्ड बुद्ध | रिवानु राजबाहक | १ | धन राजबाहक | म.थि.न.पा-९ | |
| 4 | लर्ड बुद्ध | निष्ठा राजबाहक | ४ | नरेन्द्र राजबाहक | म.थि.न.पा-९ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | एड्भान्स | विधान कार्की | १ | विनोद कार्की | म.थि.न.पा-९ | |
| 2 | एड्भान्स | श्रीषा सिपाई | ४ | श्रीकृष्ण सिपाई | म.थि.न.पा-८ | |
| 3 | एड्भान्स | प्रदिप थापा | १ | पुष्प श्रेष्ठ थापा | म.थि.न.पा-९ | |
| 4 | एड्भान्स | रेहान घो श्रेष्ठ | १ | हेरा चन्द्र घो श्रेष्ठ | म.थि.न.पा-८ | |
| 5 | एड्भान्स | अवि अधिकारी | २ | बुद्ध लक्ष्मी सुवाल | म.थि.न.पा-६ | |
| 6 | एड्भान्स | जबिका प्रजापति | २ | करिष्मा चक्रधर प्रजापती | म.थि.न.पा-८ | |
| 7 | एड्भान्स | प्रतिमा सापकोटा | २ | मन्जु सापकोटा | म.थि.नपा.-९ | |
| 8 | एड्भान्स | सलोन श्रेष्ठ | १ | लक्ष्मी केशरी श्रेष्ठ | म.थि.न.पा-४ | |
| 9 | एड्भान्स | सहना भिन्दुवा | ७ | हरि भक्त भिन्दुवा | म.थि.न.पा-८ | |
| 10 | एड्भान्स | कृजा प्रजापती | ९ | कृष्णकाजी प्रजापती | म.थि.न.पा-५ | |
| 11 | एड्भान्स | आयान बुढाथोकी | नर्सरी | सपना दाहाल | म.थि.न.पा-९ | |
| 12 | एड्भान्स | प्रजोल कार्की | १ | प्रविण कार्की | म.थि.न.पा-८ | |
| 13 | एड्भान्स | युनिशा बुढाथोकी | १ | ज्ञान बहादुर बुढाथोकी | सिन्धुली | |
| 14 | एड्भान्स | बिलभ्द नानी श्रेष्ठ | ९ | बुद्धि लक्ष्मी लाखे श्रेष्ठ | म.थि.न.पा-८ | |
| 15 | एड्भान्स | आश्रया खड्का | ६ | काजल थापा | म.थि.न.पा-९ | |
| 16 | एड्भान्स | मानसी राजबाहक | ५ | मालती राजबाहक | म.थि.न.पा-९ | |
| 17 | एड्भान्स | समर राजबाहक | ५ | रविना राजबाहक | म.थि.न.पा-९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 18 | एड्भान्स | उमंग गिरी | ८ | मुना कुमारी ढकाल | म.थि.न.पा-९ | |
| 19 | एड्भान्स | जेसन खड्का | १ | निर्मला खड्का | खोटाङ | |
| 20 | एड्भान्स | ओजना प्रजापती | ९ | रिन्जु प्रधानाङ्ग | म.थि.न.पा-६ | |
| 21 | एड्भान्स | जीपी श्रेष्ठ | नर्सरी | गीता श्रेष्ठ | रामेछाप-९ | |
| 22 | एड्भान्स | आर्जो खड्का | ६ | राजकुमार खड्का | म.थि.न.पा-३ | |
| 23 | एड्भान्स | एलिश सुवेदी | १ | नेत्र बहादुर सुवेदी | चा.न.पा-१ | |
| 24 | एड्भान्स | मेलिन चाँसी श्रेष्ठ | ८ | आश बहादुर चासी श्रेष्ठ | म.थि.पा-८ | |
| 25 | एड्भान्स | आरुष चाँसी श्रेष्ठ | ७ | रीना जोशी | म.थि.पा-८ | |
| 26 | एड्भान्स | श्रवी के.सी | ६ | श्रजना थापा के.सी | म.थि.न.पा-९ | |
| 27 | एड्भान्स | शिवम् कार्की | १ | गीता कार्की | रामेछाप-९ | |
| 28 | एड्भान्स | रस्निका राजबाहक | ५ | गीता नगरकोटी राजबाहक | म.थि.नपा.-९ | |
| 29 | एड्भान्स | अभिनव थापा मगर | ५ | लक्ष्मी थापा मगर | म.थि.न.पा-६ | |
| 30 | एड्भान्स | रेमिक त मी श्रेष्ठ | ६ | उमेश त मी | म.थि.न.पा-८ | |
| 31 | एड्भान्स | अच्युत राजबाहक | १० | सरु राजबाहक | म.थि.न.पा-९ | |
| 32 | एड्भान्स | एलिना बस्नेत | ५ | गोकुल बहादुर बस्नेत | सिन्धपाल्चोक-६ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | लोटस | काब्या राजबाहक | २ | कल्पना राजबाहक | म.थि.न.पा-९ | |
| 2 | लोटस | कृषल माक श्रेष्ठ | ९ | सृजना भिन्दुवा | म.थि.न.पा-८ | |
| 3 | लोटस | साहिल राजबाहक | ६ | चण्डेश्वरी राजबाहक | म.थि.न.पा-९ | |
| 4 | लोटस | विजेन राजबाहक | ८ | राजकुमार राजबाहक | म.थि.न.पा-९ | |
| 5 | लोटस | अंकित राजबाहक | ५ | पुष्पा श्रेष्ठ | म.थि.न.पा-९ | |
| 6 | लोटस | सुसान्त राजबाहक | २ | हेमन्त कुमार राजबाहक | म.थि.न.पा-९ | |
| 7 | लोटस | मनन राजबाहक | ६ | मुना राजबाहक | म.थि.न.पा-९ | |
| 8 | लोटस | सिम्रन राजबाहक | ६ | दिपा राजबाहक | म.थि.न.पा-९ | |
| 9 | लोटस | सोहन माक श्रेष्ठ | ७ | संगीता श्रेष्ठ | म.थि.न.पा-८ | |
| 10 | लोटस | रुक्शन भिन्दुवा श्रेष्ठ | ७ | रविन्द्र श्रेष्ठ | म.थि.न.पा-८ | |
| 11 | लोटस | समर राजबाहक | ६ | रिता महर्जन | म.थिन.पा-९ | |
| 12 | लोटस | परिप्सा राजबाहक | ६ | सुमि देशार | म.थि.न.पा-९ | |
| 13 | लोटस | संरक्षा राजबाहक | ३ | शिवभक्त राजबाहक | म.थि.न.पा-९ | |
| 14 | लोटस | सुनिभा राजबाहक | ३ | मिथु राजबाहक | म.थि.न.पा-९ | |
| 15 | लोटस | एरोज राजबाहक | ३ | सोनाम राजबाहक | म.थि.न.पा-९ | |
| 16 | लोटस | एरोज राजबाहक | ३ | इसिका माझी | सिन्धुपाल्चोक-९ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | ज्ञानसुधा | रसिक कार्की | १ | रविना खड्का कार्की | म.थि.न.पा-८ | |
| 2 | ज्ञानसुधा | आयाम धों श्रेष्ठ | १ | अशोक श्रेष्ठ | म.थि.न.पा-८ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | गोल्डेन फ्युचर | सोप्रिल राजबाहक | ५ | सुनिल राजबाहक | म.थि.न.पा-९ | |
| 2 | गोल्डेन फ्युचर | रोदिस जयना | ३ | रञ्जन जयना | म.थि.न.पा-८ | |
| 3 | गोल्डेन फ्युचर | आदित्य राजबाहक | ५ | अनिता राजबाहक | म.थि.न.पा-९ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | स्वर्ण भूमी | रोनक राजबाहक | १ | रत्न राजबाहक | म.थि.न.पा-९ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | ग्लोरी | उज्जल श्रेष्ठ | ५ | सुरेश श्रेष्ठ | म.थि.न.पा-६ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | एभ्रेष्ट | सदिन खड्का | २ | सविता घिमिरे | म.थि.न.पा-९ | |
| 2 | एभ्रेष्ट | एलेन राजबाहक | ६ | लक्ष्मी राजबाहक | म.थि.न.पा-९ | |
| 3 | एभ्रेष्ट | सैलेसा धेके राजबाहक | १ | सरिता धेके राजबाहक | म.थि.न.पा-९ | |
| 4 | एभ्रेष्ट | इशानी राजबाहक | ४ | श्यामहरी राजबाहक | म.थि.न.पा-९ | |
| 5 | एभ्रेष्ट | सिक्सा राजबाहक | ६ | रमिता महर्जन | म.थि.न.पा-९ | |
| 6 | एभ्रेष्ट | सिस्पि राजबाहक | १ | रमिता महर्जन | म.थि.न.पा-९ | |
| 7 | एभ्रेष्ट | साम्दहाङ चाम्लिङ राई | ९ | पशुराम राई | म.थि.न.पा-6 | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | जया सेकेण्डरी स्कूल | सम्पदा डुगु श्रेष्ठ | ५ | विश्वराम डुगु श्रेष्ठ | म.थि.न.पा-९ | |
| 2 | जया सेकेण्डरी स्कूल | पल्पसा राजबाहक | २ | भुली राजबाहक | म.थि.न.पा-९ | |
| 3 | जया सेकेण्डरी स्कूल | हसिना राजबाहक | ५ | हरिलाल राजबाहक | म.थि.न.पा-९ | |
| 4 | जया सेकेण्डरी स्कूल | डेनिश राजबाहक | ३ | अनु ख्याजु राजबाहक | म.थि.न.पा-९ | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | सिवर्ड इन्टरनेश्नल बोडिङ्ग स्कुल | निर्वाण अधिकारी | २ | निलम अधिकारी | म.थि.न.पा-9 | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | भक्तपुर निष्ट | रिदेश परियार | ७ | रिमा परियार | काभ्रे-२ | |
| 2 | भक्तपुर निष्ट | विभुती पोखरेल | ६ | निर्मला कोइराला | झापा-८, जुरोपानी | |
| 3 | भक्तपुर निष्ट | आरोग्य निरौला | ५ | यादव चन्द्र निरौला | खाँदबारी-१, संखुवासभा | |
| 4 | भक्तपुर निष्ट | सक्षम श्रेष्ठ | ७ | इन्दिरा श्रेष्ठ | च.न.पा-१ | |
| 5 | भक्तपुर निष्ट | आर्यभदिप खनाल | ४ | संगीता कोइराला | म.थि.न.पा. 3 | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | नालन्दा विद्यालय | आर्यन शर्मा दुलाल | ४ | शिवहरी दुलाल | सु.न.पा.-१० | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | विनायक शिक्षा निकेतन | अस्मिता मान्नधर | ३ | अष्टलक्ष्मी मानन्धर | म.थि.न.पा-९ | |
| 2 | विनायक शिक्षा निकेतन | गणेश श्रेष्ठ | ३ | भगवती श्रेष्ठ | रामेछाप-४ | |
| 3 | विनायक शिक्षा निकेतन | रसु सुनार | १ | अप्सरा सुनार | म.थिन.पा-७ | |
| 4 | विनायक शिक्षा निकेतन | रिवान प्रजापती | १ | दिल कृष्ण प्रजापती | म.थि.न.पा-६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | विनायक शिक्षा निकेतन | रोशिका प्रजापती | १ | रविन प्रजापती | म.थि.न.पा-६ | |
| 6 | विनायक शिक्षा निकेतन | सरीन श्रेष्ठ | ४ | सन्तोष श्रेष्ठ | म.थि.न.पा-६ | |
| 7 | विनायक शिक्षा निकेतन | विपिन विश्वकर्मा | ३ | देवकी विश्वकर्मा | म.थि.न.पा-६ | |
| 8 | विनायक शिक्षा निकेतन | एन्जिला श्रेष्ठ | ५ | हरिचन्द्र श्रेष्ठ | म.थि.न.पा-५ | |
| 9 | विनायक शिक्षा निकेतन | एलिज प्रजापती | ९ | दुर्गा बहादुर प्रजापती | म.थि.नपा-५ | |
| 10 | विनायक शिक्षा निकेतन | कृष्ठा प्रजापती | ५ | सविना प्रजापती | म.थि.न.प-६ | |
| 11 | विनायक शिक्षा निकेतन | युनिशा श्रेष्ठ | ४ | राकेश श्रेष्ठ | म.थि.न.पा-९ | |
| 12 | विनायक शिक्षा निकेतन | रिकृषा पिला श्रेष्ठ | २ | रीता लाखे श्रेष्ठ | म.थि.न.पा-५ | |
| 13 | विनायक शिक्षा निकेतन | सोयल भासिमा | ३ | पूर्ण केशरी भासिमा | म.थि.न.पा-५ | |
| 14 | विनायक शिक्षा निकेतन | प्रिसा प्रजापती | ४ | शुशीला डंगोल प्रजापती | म.थि.न.पा-५ | |
| 15 | विनायक शिक्षा निकेतन | शिवानी प्रजापती | ४ | चन्द्र केशरी प्रजापती | म.थि.न.पा-५ | |
| 16 | विनायक शिक्षा निकेतन | रिजिन प्रजापती | ७ | रामहरी मकै प्रजापति | म.थि.न.प-६ | |
| 17 | विनायक शिक्षा निकेतन | रिआन प्रजापती | ३ | दिनेश प्रजापती | म.थि.न.पा-५ | |
| 18 | विनायक शिक्षा निकेतन | स्लोक प्रजापती | ९ | सविन प्रजापति | म.थि.न.पा-४ | |
| 19 | विनायक शिक्षा निकेतन | सुलभ प्रजापती | ६ | श्याम कृष्ण प्रजापती | म.थिन.पा-५ | |
| 20 | विनायक शिक्षा निकेतन | प्राब्स अवाल | ९ | प्रतिभा अदुवा श्रेष्ठ | म.थि.न.पा-१ | |
| 21 | विनायक शिक्षा निकेतन | रिहान श्रेष्ठ | ६ | तुल्सि बहादुर श्रेष्ठ | म.थि.नपा-५ | |
| 22 | विनायक शिक्षा निकेतन | सनी कसाई | ३ | लक्ष्मी पोडे कसाई | म.थि.न.पा-८ | |
| 23 | विनायक शिक्षा निकेतन | वर्षा श्रेष्ठ | 4 | विजय श्रेष्ठ | | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | साहारा राष्ट्रिय विद्यालय | सप्तान्शु प्रताप जंग थापा | १ | विशु राम थापा | सु.न.पा-3 | |

| क्र.सं. | विद्यालयहरुको नाम | विद्यार्थीहरुको नाम | कक्षा | अभिभावकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | नवरत्न ईङ्गलिस स्कूल | सतिस प्रजापती | 7 | श्यामकाजी प्रजापती | म.थि.न.पा-५ | |
| 2 | नवरत्न ईङ्गलिस स्कूल | रसिका श्रेष्ठ | 9 | मंगल लक्ष्मी का श्रेष्ठ | म.थि.न.पा-५ | |
| 3 | नवरत्न ईङ्गलिस स्कूल | सम्राट श्रेष्ठ | 4 | गीता श्रेष्ठ | म.थि.न.पा-५ | |
| 4 | नवरत्न ईङ्गलिस स्कूल | आयुना श्रेष्ठ | 8 | गणेशमान श्रेष्ठ | म.थि.न.पा-४ | |
| 5 | नवरत्न ईङ्गलिस स्कूल | आयाम श्रेष्ठ | 8 | अनिल कुमार श्रेष्ठ | म.थि.न.पा-४ | |
| 6 | नवरत्न ईङ्गलिस स्कूल | आर्सिया प्रजापती | 9 | योगेश प्रजापती कुमाल | म.थि.न.पा-४ | |
| 7 | नवरत्न ईङ्गलिस स्कूल | युनिश महर्जन | 5 | निमा प्रजापती | म.थि.न.पा-५ | |
| 8 | नवरत्न ईङ्गलिस स्कूल | निभा श्रेष्ठ | 4 | श्याम भक्त श्रेष्ठ | म.थि.न.पा-४ | |
| 9 | नवरत्न ईङ्गलिस स्कूल | समर श्रेष्ठ | 7 | राजेश कुमार श्रेष्ठ | म.थि.न.पा-४ | |
| 10 | नवरत्न ईङ्गलिस स्कूल | रिद्धिक प्रजापती | 2 | राजेश प्रजापती | म.थि.न.पा-६ | |
| 11 | नवरत्न ईङ्गलिस स्कूल | दिपशिका श्रेष्ठ | 3 | दिनेश श्रेष्ठ | म.थि.न..पा-५ | |
| 12 | नवरत्न ईङ्गलिस स्कूल | रोहन तिमसी श्रेष्ठ | 5 | सुरोन तिनसी श्रेष्ठ | म.थि.न.प-४ | |
| 13 | नवरत्न ईङ्गलिस स्कूल | सक्षम श्रेष्ठ | 9 | कान्छा श्रेष्ठ | म.थि.न.पा.-४ | |
| 14 | नवरत्न ईङ्गलिस स्कूल | रुशा प्रजापती | 4 | रजनी प्रजापती | म.थि.न.पा-४ | |
| 15 | नवरत्न ईङ्गलिस स्कूल | सौमिक प्रजापती | 4 | तुइनानी प्रजापती | म.थि.न.पा-५ | |
| 16 | नवरत्न ईङ्गलिस स्कूल | साकार श्रेष्ठ | 8 | राजकृष्ण श्रेष्ठ | म.थि.न.पा.-४ | |
| 17 | नवरत्न ईङ्गलिस स्कूल | बेला प्रजापती | 8 | राकेश प्रजापती | म.थि.न.पा-६ | |
| 18 | नवरत्न ईङ्गलिस स्कूल | प्रलिन श्रेष्ठ | 3 | पदम कृष्ण श्रेष्ठ | म.थि.न.पा-५ | |
| 19 | नवरत्न ईङ्गलिस स्कूल | सुरबी प्रजापती | 9 | राम लक्ष्मी हेका | म.थि.न.पा-५ | |
| 20 | नवरत्न ईङ्गलिस स्कूल | तृशल प्रजापती | 4 | तुल्सी राम प्रजापती | म.थि.न.पा-५ | |
| 21 | नवरत्न ईङ्गलिस स्कूल | सारिका श्रेष्ठ | 9 | हरी कृष्ण श्रेष्ठ | म.थि.न.पा-५ | |
| 22 | नवरत्न ईङ्गलिस स्कूल | युभयानी श्रेष्ठ | 8 | कृष्ण लाल श्रेष्ठ | म.थि.न.पा-५ | |

# शिक्षाको पूर्वाधार विकास

गुणस्तरीय शिक्षाको अर्को मानक हो, शैक्षिक पूर्वाधारको विकास । मध्यपुर थिमि नगरपालिकाले सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यालयहरूको भौतिक पूर्वाधारको विकास र बिस्तारमा समेत उत्तिकै जोड दिँदै आइरहेको छ ।

यसै सन्दर्भमा नगरपालिकाले जनक सिद्धिकाली माविको पूर्वाधार सुधारका लागि नयाँ भवन निर्माण गर्ने उद्देश्यले करिव १० करोडको योजना प्रस्तावित भई टेण्डरको प्रक्रिया सुरू भएको छ । यसैगरी जनआदर्श क्याम्पसको नयाँ भवनको लागि पनि १० करोडको योजना प्रस्ताव भएको छ ।

नगरपालिकाले पुराना भवनलाई पनि मर्मत गरी आकर्षक बनाउन उद्देश्यले बोडे मावि, गणेश माविलगायतका विद्यालयको भवन रंगरोगन गर्नुको साथै मर्मत गरेको छ ।

नगरपालिकाले सामुदायिक विद्यालयहरूको सरसफाईमा विशेष ध्यान दिँदै सामूदायिक विद्यालयहरूको शौचालयको सरसफाईको जिम्मेवारी नगरपालिकाले लिएको छ । जसअनुसार शौचालय सरसफाईका लागि आवश्यक सामग्री नगरपालिकाले उपलब्ध गराउने नीति लिएको छ ।

▲ जन आदर्श क्याम्पसको प्रस्तावित नयाँ भवन





▲ जनक सिद्धिकाली माध्यमिक विद्यालयको प्रस्तावित नयाँ भवन




# एकिकृत भान्साघर मार्फत दिवा खाजा

मध्यपुर थिमि नगरपालिकाले एकिकृत भान्साघर सञ्चालन गरी सामूदायिक विद्यालयका विद्यार्थीहरूका लागि दिवा खाजा उपलब्ध गराउने भएको छ । यसका लागि मध्यपुर थिमि नगरपालिका, विश्व खाद्य कार्यक्रम र फुड फर लाईफ (जीवनका लागि खाना)बीच त्रिपक्षीय समभ्फौता भएको छ ।

सम्झौता पत्रमा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, विश्व खाद्य कार्यक्रममा कन्ट्री डाइरेक्टर रोवर्ट कास्टा र फुड फर लाईफका अध्यक्ष वृजेश लाकौलले हस्ताक्षर गर्नुभएको हो ।

सम्झौतामा केन्द्रीकृत भान्छाघर निर्माण गरी मध्यपुर थिमि नगरभित्रका सामूदायिक विद्यालयमा अध्ययनरत कक्षा ईसिडीदेखी ५ सम्मका विद्यार्थीहरूलाई पोषणयुक्त पौष्टिक दिवा खाजा उपलब्ध गराउने उद्देश्य रहेको छ ।

सम्झौता अनुसार नगरपालिका र विश्व खाद्य कार्यक्रमले केन्द्रीकृत भान्साघर निर्माण गर्नेछ र फुड फर लाईफले खाजा व्यवस्थापन र वितरण गर्नेछ ।

दिवा खाजाका लागि संघीय सरकारले प्रति विद्यार्थी १५ रूपैंया प्रदान गर्दै आइरहेको छ । सोही रकममा नगरपालिकाले थप ५ र फुड फर लाईफले १० रूपैंया थप गरी दैनिक ३० रूपैंयाको खाजा विद्यार्थीहरूलाई उपलब्ध गराउने उद्देश्यले सो सम्झौता गरिएको मध्यपुर थिमि नगरपालिका सामाजिक विकास महाशाखा प्रमुख ज्ञानेन्द्र भट्टले जानकारी दिनुभयो ।

दिवा खाजा कार्यक्रमले सामूदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नुका साथै बालबालिकाहरूमा हुने कुपोषणको समस्या हल भई स्वस्थ नागरिक उत्पादनमा समेत टेवा पुग्ने विश्वास नगरपालिकाले लिएको छ ।

## सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा :

# मध्यपुर थिमिको प्रतिवद्धता

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । स्वास्थ्य सेवामा समतामूलक पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको रूपमा संविधानमा उल्लेख गरिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति २०७५ मुलभूत रूपमा नेपालको संविधान, संघिय संरचना र गुणस्तरिय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचवाट निर्देशित रहेको छ । मध्युपर थिमिको स्वास्थ्य नीतिमा पनि आम नगरवासीलाई शारिरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ बनाई उत्पादनशील तथा जिम्मेवार भई गुणस्तरिय जीवन यापन गराउने उद्देश्य रहेको छ ।

# स्वास्थ्य बिमा



मध्यपुर थिमि नगरपालिकाले स्वास्थ्य बिमामार्फत नागरिकको स्वास्थ्य उपचारमा पहुँच बृद्धि गर्दै सवै नागरिकलाइ निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने लक्ष्य राखेको छ । सोही बमोजिम नगरपालिकाले स्वास्थ्य बिमालाई प्राथमिकतामा राखेको छ ।



मध्यपुर थिमि नगरपालिकाको वर्तमान जनप्रतिनिधिहरूले पाँच वर्षमा सबै नागरिकलाई निःशुल्क स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने प्रतिवद्धता निर्वाचनमा गरेको थियो । सोही अनुसार निर्वाचित भएर पदभार ग्रहण गरे लगत्तै पहिलो निर्णयको रूपमा ज्येष्ठ नागरिकहरूलाई निःशुल्क स्वास्थ्य बिमा उपलब्ध गराउने निर्णय गरेको थियो ।

सो निर्णय अनुसार नगरपालिकाले ६० देखी ७० वर्ष उमेरका ज्येष्ठ नागरिकको नगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गराई दिने नीति लिएको छ । ज्येष्ठ नागरिकसँगै उनको परिवारका सदस्यको समेत निःशुल्क स्वास्थ्य बिमा गर्ने नीति नगरपालिकाको रहेको छ । दोस्रो वर्ष एकल महिला, दलित, पिछिडिएको वर्ग र अपाङ्गता भएका व्यक्तिहरूको समेत निःशुल्क स्वास्थ्य बिमा गरिदिन नीति लागु गरेको छ ।

# नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल

आफैं अस्पताल सञ्चालन गरी नगरवासीलाई स्वास्थ्य सेवा उपलब्ध गराउने मध्यपुर थिमि देशकै पहिलो नगरपालिका हो । तत्कालिन क्योङ ही स्वास्थ्य केन्द्रको रूपमा सञ्चालन भई स्वास्थ्य सेवाको बिस्तार गरी पूर्ण क्षमताको अस्पतालको रूपमा विकास भएको नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमार्फत मध्यपुर थिमि नगरपालिकाले जनतालाई सर्वसुलभ र सहजरूपमा गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ ।

मुलुककै उत्कृष्ट अस्पतालको रूपमा विकास भइरहेको यो अस्पताल जिल्लाको अग्रणी स्वास्थ्य संस्था हो । यहाँ दैनिक ८ सय भन्दा बढी सेवाग्राहीले सेवा लिँदै आइरहेको छ । अस्पतालको स्तोरन्नतीको कार्य भइरहेको छ । निकट भविष्यमा २ सय बेडको अस्पताल सञ्चालन गर्ने उद्देश्यका साथ यहाँको स्वास्थ्य सेवा बिस्तार भइरहेको छ ।

अस्पतालले हालै सिटी स्क्यान सञ्चालनमा ल्याएको छ । जिल्लामा सहकारी र सामूदायिक अस्पताल एवम् स्वास्थ्य केन्द्रहरू मध्ये नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल सिटी स्क्यान गर्ने पहिलो अस्पताल हो । यसअघि कोभिड महामारीका बेला कोरोनाको परिक्षण गर्ने ल्याव सञ्चालन गरेर यो अस्पतालले ख्याती कमाएको थियो । यस अस्पतालले डायलासिस सेवा समेत शुरू गरिसकेको छ ।

अस्पतालको स्तोरन्नती र गुणस्तरिय सेवा प्रवाहको लागि हालै अत्याधुनिक अप्रेशन थिएटर निर्माणका लागि टेण्डरको प्रक्रिया शुरू भइसकेको छ । यसैगरी अत्याधुनिक सुविधा सम्पन्न आइसीयू वार्डको निर्माण प्रक्रिया पनि शुरू भएको छ ।



## नेपाल कोरिया मैत्री नगरपालिका अस्पताललाई

# कोरिया सरकारको एक अर्ब २५ करोड सहयोग

विपन्न वर्गका नागरिकहरूको विश्वव्यापी स्वास्थ्य पुहँच हासिल गर्नका लागि चिकित्सा सेवाको क्षमता अभिबृद्धि परियोजना अन्तर्गत दक्षिण कोरियाली सरकारले मध्यपुर थिमि नगरपालिकाद्धारा सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको स्तोरन्नतीका लागि ९ दशमलव ५ मिलियन डलर अर्थात एक अर्ब २५ करोड रूपैंया आर्थिक सहयोगमा अस्पतालको १५० शैया क्षमताको नयाँ भवन निर्माणको प्रक्रिया शुरू भएको छ ।

भवन निर्माणको लागि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, उपप्रमुख विजयकृष्ण श्रेष्ठलगायतका जनप्रतिनिधि, अस्पताल व्यवस्थापन समिति, कोरिया सहयोग नियोग (कोईका), कोरियाली सरकारका प्रतिनिधिहरूबीच पटक पटक छफल भइसकेको छ । सोही अनुसार भवनको प्रारम्भिक डिजाईनमाथि छलफल भई अन्तिम रूप दिएर टेण्डरको प्रक्रियामा प्रवेश गरिसकेको छ ।

अस्पताललाई एक अर्ब २५ करोड रूपैंया आर्थिक सहयोग मन्त्रालयका प्रतिनिधि, मध्युपर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, तत्कालिन प्रमुख प्रशासकिय अधिकृत विजयराज सुवेदी, नेपाल कोरिय मैत्री नगरपालिका अस्पतालका कार्यकारी निर्देशक डा. डि.के. रौशन, कोरिया अन्तराष्ट्रिय सहयोग नियोग (कोइका)का प्रतिनिधिहरूको उपस्थिती रहेको थियो ।

गुणस्तरीय अस्पताल व्यवस्थापन, संक्रमण नियन्त्रण र सुधारका लागि चिकित्सा पूर्वाधार, कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने र भक्तपुरमा विश्व्यापी स्वास्थ्य पहुँच लक्ष्य हासिल गर्न सार्वजनिक स्वास्थ्य लक्ष्यका साथै कोइका मार्फत ५ वर्ष (सन् २०२७ सम्मा पुरा हुने) यस योजनाका लागि ९.५ अमेरिकी डलर खर्च गरिनेछ ।

यो परियोजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्य र समन्वयमा कोइका, मध्यपुर थिमि नगरपालिका र नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालले कार्यान्वयन गर्नेछ ।



दिने सम्बन्धी सम्झौता भइसकेको छ । सम्झौतामा नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका तत्कालिन सचिव अर्जुनप्रसाद पोखरेल र दक्षिण कोरिया सरकारका तर्फबाट नेपालस्थित कोरियाली राजदुत पार्क ते-योङले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

सो अवसरमा संघीय मामिला तथा सामान्य प्रशासन

सो सहयोगबाट कोइकाले नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको स्तोरन्नती गरी अस्पतालको छेउको जग्गामा १५० शैयाको अस्पताल भवन निर्माण गर्ने, आवश्यक स्वास्थ्य उपकरण उपलब्ध गराउने र अस्पतालका मेडिकल तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नेछ । प्रभावकारी सेवा प्रवाहका लागि अस्पतालका पुराना र नयाँ भवनहरू आपसमा जोडिनेछ ।

# कोरियाली सरकारको सहयोगमा निर्माण हुने नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको प्रस्तावित नयाँ भवन









# ब्लड बैंक स्थापना गर्न लायन्सको एक लाख डलर सहयोग

नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा ब्लड बैंक स्थापनाका लागि लायन्स क्लवले एक लाख डलर सहयोग गर्नेभएको छ । सो सम्बन्धमा मध्यपुर थिमि नगरपालिका, लायन्स क्लव र नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल बीच त्रिपक्षीय सम्झौता भएको छ ।

अस्पतालमा आयोजित कार्यक्रममा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, अस्पतालका तर्फबाट कार्यकारी निर्देशक डा. दिपेन्द्र कुमार (डि.के.) रौशन र लायन्स क्लवका तर्फबाट लायन्स क्लव अफ इन्टरनेसनल डिष्ट्रिक ३२५ जी नेपाल गर्भनर दिपक कृष्ण प्रजापतिले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो । सम्झौता अनुसार लायन्सले ब्लड बैंक स्थापनाका लागि लायन्सले एक लाख अमेरिकी डलर उपलब्ध गराउने छ ।

सो अवसरमा नगरप्रमुख सुरेन्द्र श्रेष्ठले निर्वाचनमा जनता समक्ष गरेको प्रतिवद्धता अनुसार निर्वाचित भएदेखी नै जनताको शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक पूर्वाधारको विकासलगायतका कार्यक्रम निरन्तर सञ्चालन गर्दै आइरहेको जानकारी दिँदैं ब्लड बैंक स्थापना पनि त्यसैको निरन्तरता भएको बताउनुभयो ।

उहाँले मध्यपुर थिमि नगरवासी भविष्यमा रगतको अभावमा उपचारबाट वञ्चित हुन नपरोस भनी अस्पतालमा ब्लड बैंक स्थापनाको प्रयास गरेको र यसमा लायन्सको सहयोगले सार्थक बन्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा मध्यपुर थिमि नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठ, मध्यपुर थिमि नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामबहादुर केसी, वडा नं. ५ का वडाअध्यक्ष बालकृष्ण श्रेष्ठ, लायन केपी अवाललगायतको उपस्थिती रहेको थियो ।





# नि:शुल्क रगत तथा रक्ततत्व सेवा

मध्यपुर थिमि नगरपालिकाले आर्थिक अभावका कारण रगत तथा रक्ततत्व नपाएर उपचार गर्न नपाई बिरामीले मृत्यु वरण गर्न नपरोस भन्ने उद्देश्यले रगत तथा रक्ततत्व सेवा शुरू गरेको छ । जसअनुसार मध्यपुर थिमि नगरपालिकाले स्थानीय नगरवासीलाई नि:शुल्क रूपमा रगत तथा रक्ततत्व उपलब्ध गराउँदै आएको छ ।

यससम्बन्धमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखा र मध्यपुर थिमि नगरपालिका बीच २०७९ श्रावण ४ गते मध्यपुर थिमि नगरपालिकाका वासिन्दाहरूलाई आवश्यकताको आधारमा रक्तसञ्चार सेवा भक्तपुरले नि:शुल्क रगत तथा रक्ततत्व उपलब्ध गराउने र नगरपालिकाले सोधभर्ना गर्ने गरी सम्झौता भएको छ ।



मध्यपुर थिमि नगरवासीले सहज रूपमा आवश्यकता अनुसार रगत तथा रक्ततत्व प्राप्त गर्न सकुन भन्ने मुख्य उद्धेश्यका साथ भएको सम्झौताको पहिलो वर्ष विभिन्न उपलब्धिहरू, सिकाई र चुनौतीहरू आउनेक्रममा जनसमुदायले नगरपालिकाको योजनाको (सम्झौता) प्रशंसा गरेको पाईएको छ । नगरपालिकाले धेरै स्थानमा रेडक्रस सँगको सम्झौता उल्लेख गरी राखिदिंदा रक्तदान कार्यक्रममा बृद्धि भएको छ । नगरपालिका र रेडक्रसबीच समन्वय र सहकार्यमा वृद्धि भएको छ । रगत तथा रक्ततत्व आवश्यक पर्ने सम्पुर्ण नगरवासीहरूका लागि यो योजना प्रभावकारी एवं प्रशंसनीय, सहज पहुँच हुनुको साथै न्युन आय भएका रगत आवश्यक पर्नेको लागि अझ राहत मिलेको छ ।

उक्त सम्झौताको अवधि १ वर्ष पुरा भई दोस्रो वर्षमा सञ्चालन भइरहेको छ । यो समयावधिमा के कति जना रक्त बिरामीहरू माझ नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखा रक्तसंञ्चार सेवाले रगत तथा रक्ततत्व उपलब्ध गराउन सक्यो त्यसको विवरण पेश गरिएको छ ।

**आ.व. २०७९/८० मा रगत तथा रक्ततत्व वितरण तथा नगरपालिकाबाट सोधभर्ना रकम विवरण :**

| क्र.सं | महिना | कुल रगत तथा रक्ततत्व वितरण | नगरपालिकाबाट सोधभर्ना भएको कुल रकम |
|---|---|---|---|
| १ | श्रावण | २८ पिन्ट | २६,२५०।०० |
| २ | भाद्र | ३४ पिंन्ट | ३३,५५०।०० |
| ३ | असोज | १२२ पिंन्ट | १,२३,३८७।०० |
| ४ | कार्तिक | ६६ पिंन्ट | ६५,२७०।०० |
| ५ | मंसिर | ५२ पिंन्ट | ५१,९१०।०० |
| ६ | पुष | ७२ पिंन्ट | ७१,४३०।०० |
| ७ | माघ | ५२ पिंन्ट | ५१,३११।०० |
| ८ | फाल्गुण | ५९ पिंन्ट | ५८,५३०।०० |
| ९ | चैत्र | ५४ पिंन्ट | ५०,२४०।०० |
| १० | बैशाख | ७५ पिंन्ट | ७३,१९०।०० |
| ११ | जेठ | २६ पिंन्ट | २३,९९०।०० |
| १२ | असार | १०७ पिंन्ट | १०३९४०।०० |
| | **जम्मा रकम** | | **७,३२,९९८।००** |

## नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा

# सिटी स्क्यान शुरू

**मध्यपुर थिमि नगरपालिका**द्वारा सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा सिटी स्क्यान सञ्चालनमा आएको छ । भारतबाट आएका प्राविधिकहरूले सिटी स्क्यान सञ्चालनका लागि आवश्यक प्राविधिक सेटिङ सम्पन्न गरेपछि मेसिन सञ्चालनमा आएको हो ।

अस्पतालमा सिटी स्क्यान मेसिन जडान भएको लामो समय भएपनि सञ्चालनका लागि आवश्यक प्राविधिक सेटिङ पुरा नहुँदा सञ्चालन हुन सकेको थिएन । अस्पतालमा सिटी स्क्यान सञ्चालन भएसँगै बिरामीहरूले थप गुणस्तरिय सेवा प्राप्त गर्ने नगरप्रमुख सुरेन्द्र श्रेष्ठले बताउनुभयो । उहाँले मेसिन जडान गर्न र प्राविधिक सेटिङका लागि समेत भारतबाट जनशक्ति मगाउनु पर्ने अवस्थाले सिटी स्क्यान सञ्चालनमा केही ढिलाई भएपनि उत्कृष्ट स्वास्थ्यकर्मी र प्राविधिकसहितको टोलीले गुणस्तरिय सेवा दिने व्यवस्थासहित सिटी स्क्यान सञ्चालनमा ल्याएको बताउनुभयो ।

"नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा सिटी स्क्यान सञ्चालनमा आएको छ । यसले अस्पतालमा आउने बिरामीले थप गुणस्तरिय सेवा प्राप्त गर्नेछ," उहाँले भन्नुभयो । सिटी स्क्यान सञ्चालनको निरिक्षण गर्दै उपप्रमुख विजयकृष्ण श्रेष्ठले निर्वाचनमा जनतासँग गरेको गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिवद्धता अनुरूप अस्पतालमा सिटी स्क्यान सञ्चालनमा ल्याएको बताउनुभयो । उहाँले अस्पतालको यो उपलब्धीले मध्यपुर थिमिका बासिन्दा मात्र होइन सिंगो भक्तपुर र आसपासका जिल्लाका नागरिकले समेत सहुलियत दरमा गुणस्तरिय स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।



## विकास निर्माणका कार्यमा

# नगरप्रमुख र उपप्रमुख

सिमित स्रोत साधनका बावजुद मध्यपुर थिमिमा विकास निर्माणका कार्यले तिव्रता पाएको छ । मुलुकको आर्थिक शिथिलता र अर्थतन्त्रको संकुचनका कारण आर्थिक गतिविधि सुस्ताएको बेला मध्यपुर थिमिमा भने विकास निर्माणको कार्य तिव्र गतिले अघि बढेको छ ।

नगरका टोल टोलमा ढुंगा छपाई, बाटो बिस्तार, सडक कालोपत्रे, सार्वजनिक जग्गा संरक्षण, पहिरो नियन्त्रण, सम्पदा संरक्षण, मुर्त अमुर्त कला संस्कृतिको संरक्षणलगायतका काम धमाधम भइरहेको छ । विकास निर्माणमा स्थानीय जनसहभागिता समेत उत्साहपूर्वक सहभागी भइरहेको छ ।

स्थानीयको उत्साहमा थप हौसला र प्रेरणा प्रदान गर्न नगरप्रमुख सुरेन्द्र श्रेष्ठ र उपप्रमुख विजयकृष्ण श्रेष्ठले पनि निरन्तर उल्लेखित विकास निर्माणका कार्यको नियमित अनुगमन निरिक्षण गरिरहनु भएको छ । स्थानीय उपभोक्तासँग आवश्यक छलफल गर्ने र आइपरेका समस्यालाई सहमतीमा समाधान गर्दै आइरहनु भएको छ । साथै स्थानीय उपभोक्ता समिति, जनप्रतिनिधिहरू, भद्रभलाद् मीसँग संवाद, छलफल गरी वडा, टोलबस्तीको समस्या बुझ्ने, छलफल गर्ने कार्य समेत गर्दै आइरहनु भएको छ ।













































































# न्यायिक समिति

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । तिनै तहको सरकारमा पनि कार्यपालिका, ब्यवस्थापिका र न्यायपालिका रहने ब्यवस्था गरेको छ । सोही अनुरूप स्थानिय सरकारमा न्यायिक समिति रहने ब्यवस्था नेपालको संविधानको धारा २१७ को १ मा आफ्नो अधिकार क्षेत्रको विवाद निरूपण गर्ने गरि नगरपालिकामा उपप्रमुखको सयोजकत्वमा तीन सदस्यीय न्यायिक समिती रहने ब्यवस्था गरिएको छ । न्याय पाउन लामो समय कुर्नुपर्ने, धेरै खर्च गर्नुपर्ने जस्ता अनेकन समस्याहरूबाट मुक्ति दिलाउन स्थानिय सरकारमै न्यायिक समितिको ब्यवस्था गरिएको हो । जसले स्थानिय सरकार संचालन ऐनले निर्दिष्ट गरे बमोजिम तथा नगरसभाले बनाएको ऐनमा ब्यवस्था गरेको अधिकार क्षेत्र भित्र रहि मुद्दाको सुनुवाई तथा किनारा लगाउने गर्दछ । स्थानिय सरकार सचालन ऐनको दफा ४७,१ मा फैसला गर्ने अधिकार दिलाएको छ भने ४७,२ अनुसार मेलमिलापबाट मात्रै मुद्दाको किनारा लगाउन सकिने ब्यबस्था गरिएको छ ।

मध्यपुर थिमि नगरपालिकाको न्यायिक समिति

संयोजक - बिजय कृष्ण श्रेष्ठ

सदस्य - तुलसीराम प्रजापती

सदस्य - रंजय कार्की

मध्यपुर थिमि नगरपालिकाको न्यायिक समितिले स्थानिय जनताको समस्या समाधानमा लागिरहेको छ । आफ्नो अधिकार क्षेत्रभित्र रहेर मुद्दाहरूको सुनुवाई, फैसला गरिरहेको छ । प्रायः जसो मुद्दाहरू मेलमिलापको माध्यमबाट टुंगोमा लगाईएको छ । प्रत्येक हप्ताको सोमबार र बिहिवार ईजलास रहने ब्यवस्था गरिएको छ । जनताको समस्या र मुद्दाको जतिलतालाई मध्यनजर गर्दै अरू दिनहरूमा पनि आवश्यकता अनुरूप संयोजक र सदस्यहरूको उपस्थितिले मुद्दा किनारा लगाउन धेरै सहज भएको छ । नेपालको सबिधानले स्थानियस्तरमा जनतालाइ सहजरूपमा न्याय दिलाउन गरिएको ब्यवस्था कार्यान्वयन गर्न न्यायिक समिती प्रतिबद्ध भैइ लागिरहेको छ ।

## मध्यपुर थिमि नगरपालिकाले गरिरहेको मुद्दा फैसला दर्ताको अबस्था

**आ. ब २०७९।८० मा न्यायिक समितिमा उजुरी दर्ता भई भएका कार्यहरू तपसिल बमोजिम छन ।**

| सि. नं. | मुद्दाको विवरण | लेन देन | बाटो / साँध सिमाना जग्गा सम्बन्धी | घर वहाल | वातावरण प्रदुषण | स्वबासी घर जग्गा सिमाना बिबाद | वडा कार्यालयहरू बाट प्राप्त | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | जम्मा निवेदन | १८ | ३० | ४ | ४ | १० | ६ | ७२ |
| २ | मेलमिलाप/सहमती / निर्णयबाट समाधान भएका | ११ | १४ | ४ | ४ | ६ | ५ | ४४ |
| ३ | तामेली | | | | | | | |
| ४ | दरपीठ | | | | | | | |

**आ.ब २०८०।८१ मा न्यायिक समितिमा उजुरी दर्ता भई भएका कार्यहरू तपसिल बमोजिम छन ।**

| सि. नं. | मुद्दाको विवरण | लेन देन | बाटो / साँध सिमाना जग्गा सम्बन्धी | घर वहाल | वातावरण प्रदुषण | स्वबासी घर जग्गा सिमाना तथा सिफारिस बिबाद | वडा कार्यालयहरू बाट प्राप्त तथा अन्य बिबाद | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | जम्मा निवेदन | ९ | १२ | ८ | १ | ८ | ४ | ४२ |
| २ | मेलमिलाप/सहमती / निर्णय बाट समाधान भएका | ४ | | ५ | १ | ६ | २ | १८ |
| ५ | तामेली | | | | | | | |
| ६ | दरपीठ | | | | | | | |

### कार्य सम्पादनका समस्याहरू:

कुनै पनि बिषयको कार्यहरू निश्पक्ष तरिका बाट कार्य सम्पादन गर्दा बिभिन्न समस्या तथा अप्ठ्याराहरू प्नि संग सगै आइरहेका हुन्छन् । जनताहरूले नगरपालिकाको न्यायिक समिति बाट न्याय प्राप्त गर्नको लागि जुन बिश्वास लिएर उजुरी दर्ता गर्न आएका हुन्छन, तत् अनुरूप कार्य सम्पादन प्रक्रियामा समस्याहरू प्नि संगै रहेको हुन्छन्।न्यायिक समितिमा दर्ता हुन आएका उजुरुीहरूको कार्य सम्पादन गर्दा आई पर्ने बिभिन्न समस्याहरू यस प्रकारका छन् ।

१. बिपक्षीहरूको ठेगानामा म्याद तामेली गर्न समस्या । म्याद सूचना प्राप्त गरेता पनि बिपक्षी उपस्थिती भई नदिदां सोचे अनुसार समयमा नै कार्य सम्पादन गर्न समस्या उत्पन्न हुन्छन ।

२. प्रहरी सित समन्वय गरी कार्य गर्नु पर्ने जरूरी उजुरीहरूमा प्रहरी सित समन्वयकारी भुमिका निभाउने कुनै ऐन नभएको ।

३. निर्णय भई सकेको मुद्दाहरूमा पनि कार्यान्वयन गर्न सम्बन्धित निकायहरूको बलियो सहयोग नभएको।

४. सिमाना बिबादको उजुरीमा बादी प्रतिबादीले यथेष्ट प्रमाण पुर्याउन नसक्नु जसले कार्य सम्पादनमा समस्या । प्राबिधिक जनशक्तिको कमीले गर्दा समयमा फिल्ड निरीक्षण गरी सो को प्रतिबेदन दिन ढिला ।

### १.४.५ कार्यक्रम तथा योजना कार्यान्वयनमा अपनाइएका आधार तथा प्रक्रियाहरू:

१. न्यायिक समितिमा दर्ता हुन आएका उजुरीमा पहिला निबेदकले दिएको मोबाइल नम्बरमा फोन मार्फत उपस्थिती हुन आउनको सुचना जानकारी दिई, बिबादको बिषयमा दुबै पक्षहरू बिच बसी छलफल गरिने । फोन मार्फत जानकारी दिई उपस्थिती हुन नआएमा निबेदकले दिएको ठेगानामा म्याद तामेली गरिदिने ।

२. सकभर मेलमिलापको लागि प्रयास गर्ने, दुबै पक्षहरूको कुराहरू, भनाइ, मागहरू स्पष्टरूपमा सुन्ने । मेलमिलाप गर्न मानेमा दुबै पक्षहरूको कुरा उल्लेख गरी मिलापत्रको कागज तयार गरी सहीछाप गर्न लगाई सोही अनुरूप काम अगाडि बढाउन प्रोत्साहन गर्ने ।

३. मिलापत्र तथा मेलमिलाप गर्न नमानेमा आवश्यक सबुट प्रमाण र कानुनी प्रावधान (स्थानीय सरकार संचालन ऐन २०७४) हेरी निर्णय दिने । निर्णय अनुसार बादी प्रतिबादीहरू म्याद भित्र पुनराबेदन गर्न अदालत नगएमा निर्णय बमोजिम कार्यान्वयनको लागि प्रशासनीक तथा नगरपालिकाको कार्यपालिका बैठक बाट निर्णय कार्यान्वयन नगर प्रमुख/ प्रशासनलाई जानकारी गराइने ।



४. यस अनुरूप कार्य सम्पादनले जनतालाई अदालत सम्म धाउन नपर्ने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ देखि दफा ५० सम्मको अधिनमा रही न्याय सम्पादनको कार्य गरिन्छ ।



न्यायिक समितिका संयोजक तथा सदस्यहरू

### असल अभ्यास तथा नवप्रवर्तनात्मक कार्यक्रमहरू:

नेपालमा संघियता लागु भईसके पश्चात २०७२ सालमा नेपालको संबिधान लागु भएपछिको दोस्रो कार्यकालको जननिर्बाचित जनप्रतिनिधि यस न.पाको उप प्रमुख तथा न्यायिक समितिको संयोजकज्युको संयोजकत्वमा मिति २०७९।४।११ गते देखि न्यायिक समितिको गठन भई संयोजकज्यु बाट न्यायिक समितिमा न्यायिक निरूपणको लागि असल अभ्यासको प्रयोग बाट जनतालाई निष्पक्ष न्याय दिदै आइरहनु भएको छ ।

### न्यायिक समितिका असल अभ्यास नवप्रवर्तनात्मक कार्यहरू:

१. न.पा भित्रको सार्वजनिक जग्गाको संरक्षण तथा वातावरण प्रदुषण रोक्नको लागि बिषेश पहल गरिएको ।

२. नगरपालिका भित्रको समस्यामा रहेको बिभिन्न सहकारी संस्थाहरूको गुनासो सनी न.पाको सहकारी शाखाको समन्वयमा दर्ता भएको उजुरीमा समस्या समाधान तर्फ बिषेश जोड । उदाहरणको लागि म.थि.पा वडा नं. ३ स्थित कृषि बिकास बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापकहरूको सम्पति रोक्काको संरक्षणात्मक आदेश जारी गरी बचतकर्ताहरूको पुँजी बचतको सुरक्षा गरिएको । जसले गर्दा संस्थापकहरूले सम्पतिहरू अन्यत्र बिक्रि बितरण गरी पलायन हुन पाएन ।

३. सिमान बिबाद सम्बन्धी

दर्ता भएको उजुरीहरूमा संयोजकज्यु कै उपस्थितीमा फिल्ड निरीक्षण गरी आबश्यक परामर्श सल्लाह गरी फिल्डमै बिबादको टुंगो र आपसी मेलमिलाप गरिएको ।

४. लेनदेन तथा घर भाडाको बिषयको बिबादमा दुबै पक्षहरूको कुरा सुनी , आपसी छलफल बाट आएको निष्कर्ष अनुरूप मिलापत्र गरी बिबादको टुंगो लगाई वडा कार्यालयलाई घरभाडा कर समेत तिर्न । बुझाउन लगाइएको ।

५. प्रत्येक हप्ताको सोमबार र बिहीबारको दिन न्यायिक समितिको बैठक बसी न्यायिक सुनुवाई तथा कार्य सम्पादन ।

६. महिला बालबालिका तथा जेष्ठ नागरिकहरूको लागि बिषेश प्राथमिकताक्रममा राखि प्रक्रिया अगाडि बढाइने ।

## कार्यक्रम कार्यान्वयनमा आइपरेका प्रमुख समस्या तथा सुझावहरु:

१. स्थानिय सरकार संचालन ऐन २०७४ ले ब्यवस्था गरि दिए अनुसारको अधिकार क्षेत्र भन्दा बाहिरको स्थानिय समस्याहरूको उजुरी दर्ता गरी न्याय सम्पादन गर्न नगरपालिकाको छुट्टै ऐन नियमावली नभएको कारणले निष्पक्षरूपमा कानुनी कारबाही प्रक्रिया अगाडी बढाउन नसक्नु ।

२. न्यायिक कार्य सम्पादनको लागि कर्मचारीको अभाव, प्रहरी सित समन्वय गरी कारबाही प्रक्रिया अगाडी बढाउनको लागि नगरपालिका भित्र बाध्यकारी ऐनको नियमावलीको ब्यबस्था नभएको ।

३. न्यायिक समितिमा दर्ता हुन आएका निबेदन, मिसिल तथा निर्णय अभिलेखको अभिलेख शाखाको बन्दोबस्त नभएको ।

४. न्यायिक समितिमा निबेदन उजुरी दर्ता गर्न आउने निबेदकहरू नै पछि आफुले दिएको उजुरीमा वास्ता नगर्ने, तथा बादी प्रतिबादीहरू आ आफै ब्यवहारीक तरीकाले मिलेको भनी मौखिक जानकारी दिने, जसले न्याय सम्पादनको अभिलेख राख्न असजिलो हुने ।

५. सार्वजनिक सरोकारको बिषयको निबेदनको सुनुवाईमा प्रयाप्त सुरक्षा ब्यवस्थाको कमी ।

६. प्रयाप्त स्रोत र पुर्वाधारको कमी

## सुझाबहरु:

१. कानुनी ज्ञान सम्बन्धी पुस्तकालय संचालन गर्नु पर्ने

२. अन्य स्थानिय निकायहरू तथा अदालतहरूको भ्रमणको ब्यवस्था गरी त्यहांको न्यायिक प्रक्रियाको अध्ययन अनुगमनको ब्यवस्था मिलाउनु पर्ने ।

३. न्याय सम्पादन भएका मिसिलहरूको अभिलेख राख्न अभिलेख शाखा राख्नु पर्ने, र सफ्टवेयर को निर्माण गरी न्यायिक मिसिलहरू तथा निर्णयहरू सुरक्षित राख्नु पर्ने ।

४. सिमाना बिबाद सम्बन्धी उजुरीहरू स्थानिय तवरले समाधान गर्नको लागि दक्ष प्राबिधिक न्यायिक समितिको लागि छुट्टै ब्यवस्था हुनु पर्ने ।

५. न्यायिक समितिबाट भएको निर्णय कार्यान्वयनमा सहयोग गर्ने पक्ष बिपक्षीहरूलाई प्रोत्साहन स्वरूप पुरस्कारको ब्यवस्था न.पाले गर्नु पर्ने ।

## निष्कर्ष:

नेपालमा संघियता लागु भइसके पश्चात नेपालको संबिधान २०७२ को धारा २१७ मा ब्यवस्था भए अनुसार स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७(१), ४७(२) बमोजिमको कार्यक्षेत्र भित्र रही यस म.थि.न.पाको न्यायिक समितिको न्यायिक कार्य सम्पादन हुदैं आइरहेको छ । स्थानिय जनताको पहुंच भित्र रहेको न्यायिक समितिको कार्य सम्पादन गर्न न्यायिक प्रक्रिया अनुसार दर्ता भई पक्ष बिपक्षीको उपस्थितीमा बिबादको बिषयको कुरा सुनी आबश्यक कानुनी आधारमा निष्पक्ष सुनुवाई गरी न्यायिक निरूपण गर्ने गरिन्छ। न्यायिक समितिमा दर्ता हुन आएका उजुरीहरूमा मेलमिलापलाई पहिलो प्राथमिकता दिई बिबादको दिर्घकालीन समाधान तर्फ जाने र सो नभएमा सबुट प्रमाण अध्ययन गरी निर्णय गरिन्छ र समय भित्र पुनराबेदन नपरेको जानकारी भएमा सो बमोजिम नै कार्यान्वयन गरी न्यायको सेवा दिदै आइरहेको न्यायिक समिति दोस्रो कार्यकालमा बढी सफलता प्राप्त गरको उदाहरणहरू धेरै छन । नेपालभरी सहकारीको समस्या उत्पन्न भइरहेको अवस्थामा म.थि.न.पा. वडा नं. ३ गट्ठाघर स्थित कृषि सहकारीका संचालक टिमको सम्पतिहरू अन्यत्र बेचबिखन गर्न नपाउने गरी सयौं बचतकर्ताहरूको बचत रकम सुरक्षार्थ न्यायिक समितिको संरक्षणात्मक आदेश बाट रोक्का गरी सहकारी भाग्न बाट रोक लगाएको छ ।

न्यायिक समितिको न्याय निरूपणको अबस्थामा बिभिन्न समस्याका बाबजुट पनि मेलमिलाप लाई पहिलो प्राथमिकता राखि बिभिन्न चुनौतीहरूलाई समेत सामना गरी स्थानिय जनताको न्यायिक काममा सहयोग गर्दै आइरकेको छ । संयोजकज्यु, सदस्यज्युहरू, प्रशासकीय अधिकृत, कानुनी सल्लाकार,महाशाखा प्रमुख, न्यायिक सहजकर्ता, कम्पुटर अपरेटर,नगर प्रहरी र कार्यलय सहयोगीको ब्यबस्था भई न्यायिक समितिको कार्य सम्पादन भइरहेको छ । स्थानिय जनतालाई अड्डा अदालत सम्म धाइ न्याय प्राप्त गर्न जान नपर्ने गरी स्थानिय तवरमा नै न्यायिक पहुंच दिलाई न्यायिक सेवा दिन सक्नु न्यायिक समितिको मुख्य उद्देश्य रहेको छ । न्यायिक कार्य सम्पादन गर्दा आइ परेको बिभिन्न चुनौतीहरू तथा समस्याहरूका बाबजुट पनि मेलमिलापलाई पहिलो प्राथमिकता दिई , आबश्यक सबुट प्रमाणहरूको अध्ययन, अनुसन्धान र स्थलगत अनुगमन गरी बिबादको समाधान गर्दै आइरहेको म.थि.न.पाको न्यायिक समितिको

न्यायिक कार्य सम्पादन राम्रो रहेको छ ।

## भुमि प्रशासन सम्बन्धमा आ.ब. २०७९/८० को प्रगति विवरण

### वडा नं. १

१) वडा कार्यालयको उत्तरतर्फ ध्रुवेधारा सम्मको सिमांकन

२) वडा कार्यालयको पुर्व दक्षिण सामुदायिक भवन निर्माण भएको ठाउँको सिमांकन

३) पुरानो हेल्थपोष्टबाट पूर्वतर्फ मनोज अधिकारी (तेर्सांटार)को घरसम्म 6मि. सिमांकन

### वडा नं. २

१) कान्लाडोलमा भासिमा पाटी उत्तर अख्तियारवाट परेको उजुरी नांपजाच

२) न्यायिक समिति नांपजाच TITI दक्षिणतर्फ

३) नाट्यश्यवरी पार्क निर्माण सिमांकन पश्चिम र उत्तरतर्फ मात्र

४) सामुदायिक भवन बनाउने ठाउँको सार्वजनिक जग्गाको सिमांकन

५) बालप्रेमी स्कूलको पश्चिम तर्फ सिमांकन

### वडा नं. ३

१) सागवारी बाटो विस्तार सिमांकन

२) गङ्गाघर सानोथिमि सडक खण्डको पेटी भत्काउने कार्यको सिमांकन ३ पटक

३) डि-मार्ग वाटो विस्तार सिमांकन ३ दिन

४) नेपाल टेलिकम पछाडी वाटो मिची टहरा निर्माण भएको ठाउँको सिमांकन

५) तेर्सांटार डाँफेटोलको उत्तर तर्फ वाटो विस्तार सिमांकन

### वडा नं. ४

१) शंखघर पार्क सार्वजनिक जग्गा सिमांकन ॐ शान्ति भवनको पूर्व दक्षिण तर्फ

२) विष्णुविर पूर्व तर्फको सिमांकन

३) फुटवल ग्राउण्डको दक्षिण तर्फ पर्ति जग्गाको सिमांकन

४) कोरियन अस्पताल पूर्वतर्फको पर्ति जग्गाको सिमांकन प्रथम गणेश मन्दिर जाने बाटोको पूर्व दक्षिण तर्फ पर्ति जग्गाको सिमांकन

५) Thimi Banquet जाने राजकुलो सिमांकन

### वडा नं.५

१) चोडेको सार्वजनिक जग्गाको सिमांकन

२) सूर्यविनायक मन्दिरको वरपर सार्वजनिक वाटो र पर्ति सिमांकन

३) सिद्धिकाली मन्दिरको पश्चिम भिमसेन मन्दिर जाने वाटो सिमांकन

४) S.S. College को ४ र ५ को सिमाना वाटो विस्तार सिमांकन ८ मि. बाटो

५) Swimming Pool को पूर्वतर्फ खोलासम्म जाने वाटो ८मि. वाटो सिमांकन

### वडा नं. ६

१) कुण्डोल राइटोल हुँदै खरिवोटसम्म वाटो विस्तार सिमांकन ८ मि. बाटो

२) कुण्डोल स्कूलको पश्चिमतर्फ राजकुलो चौकीवाट तल जाने वाटो सम्मको सिमांकन

३) सिद्धिकाली मन्दिरको उत्तरतर्फ पश्चिम व्यारेक जाने वाटो सिमांकन

४) राइटोलवाट दक्षिण वाटो विस्तार सिमांकन

### ७ नं.वडा

१) ग:हिटी पार्क जग्गा सिमांकन

२) माखेल पर्ति जग्गा सिमांकन

३) ध्वाकासीदेखि हिमचुली स्कुल जाने बाटो बिस्तार

४) कमलपोखरीबाट पश्चितर्फा ७ र ८ को सिमाना बाटो विस्तार

५) धुन्चोपाखा मनहरिको घरबाट दक्षिण 6 मि. बाटो बिस्तार

६) विहारबाट पश्चिमतर्फ राजकुलो 6मि. सिमाकंन

७) रत्न दुवालको घर जाने (बासुकीदेखि माथिल्लो चोक नगदेशसम्म) बाटो विस्तार

८) धुन्चोपाखा (मधुचोक) २ र ७ नं. वडा ससुराली रेष्टुरेन्टबाट उकालो मगर गाउँ जाने बाटो विस्तार

### ८ नं. वडा

१) कालिका मन्दिर पश्चिम दक्षिण पर्ति जग्गा सिमांकन

२) अपलाबाट बोडे छिर्ने बाटो विस्तार

३) अपलाको पुन हरिको घर देखि मिलरोड निस्कने बाटोको बाटो विस्तार

४) द्यवमाको पश्चिम राजकुलो सिमांकन, पर्ति जग्गा सिमांकन

५) सिन्तितार जग्गा एकीकरण आयोजनाको रामजी कार्कीको घरदेखि पश्चिम ११मि. (बैंकजाने सम्म) बाटो सिमांकन

### ९ नं. वडा

१) गाखु धिरज कार्कीको घर पूर्व सुधिर थापाको घर देखि दक्षिण मन्दिर सम्म ४मि. बाटो सिमांकन

२) टिगनी सरस्वतीखेल जाने बाटो ११मि. सिमांकन

३) गाँखु क्रियापुत्री भवन देखि कार्की गाउँ हुदै मेरोड निस्कने ८ मि. बाटो सिमांकन

४) टिगनी सरस्वतीखेल ओरालोको डिलबाट भित्र निलवाराही मन्दिर बाटो जाने बाटो ४मि. बाटो सिमांकन

५) माथि उल्लेख भए बाहेक प्रत्यक दिन २ वा ३ वडा नक्सा पासको लागि सिफारिसमा फिल्ड जाने, न्यायिक समितिको समितिको नाप जाँच गर्ने र प्रतिवेदन दिने कार्य ।

# सार्वजनिक जग्गा संरक्षण अभियान

**मध्यपुर थिमि** नगरपालिकाले नगरक्षेत्रभित्रको सार्वजनिक जग्गाको संरक्षणका लागि अभियान नै शुरू गरेको छ । यसको लागि पहिलो चरणमा नगरपालिकाले प्रत्येक वडाको सार्वजनिक जग्गाको लगत निकाली सकेको छ । लगत निकालेपछि वडा वडामा सार्वजनिक जग्गाको विवरण सार्वजनिक गर्दै थप जग्गा भए नगरपालिका र वडामा जानकारी दिन आग्रह गरेको छ ।

लगत अनुसार नगरपालिकाले वडा नं. ९ निलबाराहीको सार्वजनिक जग्गा सिमांकन गरी संरक्षणको शुरूवात गरेको छ । यो अभियान अन्तर्गत हालसम्म एक दर्जन भन्दा स्थानको जग्गा सिमांकन गरी संरक्षणको पहल भएको छ ।

सार्वजनिक जग्गा संरक्षण अभियान अन्तर्गत वडा नं. ४ को विष्णुकुण्डल क्षेत्र, साविक भिमसेन २-२ को पाखो, वडा नं. १ कार्यालय परिसर, वडा नं. ५ को हात्तिमहांकाल, बोडेको भाँगु, द्यमा परिसर, धर्मचक्र गुम्बा परिसर, ७ नं. वडा कार्यालय सँगैको वडा नं. ६ मा पर्ने पुखु:, वडा नं. ९ को सरस्वतीखेल मार्गको पश्चिमतर्फको सार्वजनिक जग्गा, ६ नं. वडाको वसीपुखु:, वडा नं. ४ को गछें चोक, वडा नं. ६ को बालसेवा आधारभुत विद्यालय परिसरको सिमांकन भई संरक्षणको कार्य अघि बढेको छ ।

> “ ”
> **नगरपालिकाले आमनगरवासीलाई पनि सचेत रहन सार्वजनिक जग्गा कसैले मिचेको वा दर्तागरेकोजानकारी भए सूचना दिन आग्रह समेत गरेको छ ।**



















## मध्यपुर थिमि नगरपालिकाद्वारा सुरक्षा निकायलाई

# विपद् व्यवस्थापन सामग्री हस्तान्तरण

**मध्यपुर थिमि** नगरपालिकाले सशस्त्र प्रहरी बलको दुवाकोटस्थित २२ नं. गण गुहेश्वरी र नेपाली सेनाको सानोठिमीस्थित भैरव वाहन गुल्मलाई विपद् व्यवस्थापन सम्बन्धी सामग्री हस्तान्तरण गरेको छ । नगरपालिकाको प्राङ्गणमा आयोजित कार्यक्रममा नगरप्रमुख सुरेन्द्र श्रेष्ठ र उपप्रमुख विजयकृष्ण श्रेष्ठले सो सामग्री हस्तान्तरण गर्नुभएको हो ।

हस्तान्तरण गरिएको सामग्रीहरूमा बेल्चा, गाढा, सेफ्टी उपकरण, फायर फाइटिङ् सुट, हेल्मेट, बुट, टर्च, मास्क, सेफ्टी ग्लास, फायर स्ट्रिङ्गिसर्ट, फायर ब्लांकेट, ज्याकेट फायर बल, माइक, रेनकोट, हेडलाईट लगायतका छन ।

सामग्री हस्तान्तरण गर्दै नगरप्रमुख सुरेन्द्र श्रेष्ठले सम्भावित विपद्लाई रोक्न नसकेपनि विपद्बाट हुने क्षती न्यूनीकरणका लागि सम्भव सबै उपाय अपनाउन नगरपालिका सदैव तयार रहने बताउनुभयो । उहाँले नगरपालिकाले हस्तान्तरण गरेका सामग्री मध्यपुर थिमिमा मात्र नभई जिल्लाका अन्य पालिकामा हुने विपद्का घटनाको न्यूनिकरणमा समेत उपयोग हुने र त्यसले क्षती न्यूनिकरणमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भविष्यमा आवश्यक सामग्री उपलब्ध गराउँदैं जाने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

नगर उपप्रमुख विजयकृष्ण श्रेष्ठले विपदका घटनामा खोज तथा उद्धारका लागि सबैभन्दा पहिले सुरक्षा निकाय पुग्ने भएकाले यी सामग्री हस्तान्तरण गरिएको बताउनुभयो । उहाँले नगरपालिकाले हस्तान्तरण गरिएको सामग्रीले सशस्त्र प्रहरी बलको गुहेश्वरी गण र नेपाली सेनाको भैरव वाहन गुल्मलाई विपद् व्यवस्थापनमा थप क्षमतावान बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

खोज तथा उद्धार सामग्री बुझ्दै सशस्त्र प्रहरी बल २२ नं. गण गुहेश्वरीका प्रमुख सशस्त्र प्रहरी उपरिक्षक दिनेश महतले दक्ष जनशक्तिसँगै आवश्यक उपकरण भए मात्र विपदका बेला खोज तथा उद्धारको कार्य सहज हुने र विपद्का घटनाबाट हुने क्षती न्यूनिकरण गर्न सहज हुने बताउनुभयो ।

कार्यक्रममा भैरव वाहन गुल्मका प्रमुख गणेश अधिकारी, मध्यपुर थिमि नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत वियराज सुवेदी, वडा नं. ३ का वडाअध्यक्ष एवम् नगर प्रवक्ता कृष्णहरी आचार्यले सामग्रीको संरक्षणसँगै सही सदुपयोग हुने विश्वास दिलाउनुभयो ।





# राधेराधे चोकदेखी निकाशेरा जाने सडकमा पार्किङ निषेध

**मध्यपुर थिमि** राधेराधे चोकदेखी निकाशेरा जाने सडकमा पार्किङ निषेध गरिएको छ । पछिल्लो समय व्यस्त व्यापारिक क्षेत्रको रूपमा विकास भएको राधेराधेमा अव्यस्थित पार्किङले सडक दुर्घटनाको जोखिम बढ्नुका साथै बजार सौन्दर्य समेत प्रदुषित भएपछि मध्यपुर थिमि नगरपालिका र महानगरिय ट्राफिक प्रहरी परिसर भक्तपुरको संयुक्त पहलमा सो क्षेत्रमा पार्किङ निषेध गरिएको हो ।

पहिलो चरणमा राधेराधे चोकदेखी करिव २ सय मिटरमा पार्किङ निषेध गरिएको ट्राफिक प्रहरी परिसर भक्तपुरका प्रमुख ट्राफिक प्रहरी निरिक्षक सन्तोष न्यौपानेले बताउनुभयो । "अहिले हामी पहिलो चरणमा छौं । जनशक्ति पनि केही अभाव छ । त्यसैले अहिले राधेराधे चोकबाट करिव २ मिटरलाई पार्किङ निषेध गरिएका छौं," उहाँले भन्नुभयो । उहाँले क्रमशः रोधराधेदेखी निकोशेर ासम्म पार्किङ निषेध गरिने जानकारी दिनुभयो ।

पार्किङका लागि विकल्पको रूपमा भाटभटेनी सुपर मार्केट र भित्रि सडकमा व्यवस्था गरिएको मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले बताउनुभयो । राधेराधे चोक अत्यन्त व्यस्त भएको र साँघुरो सडकका कारण जुनसुकै बखत ठूलो दुर्घटना हुने जोखिम बढेको र जथाभावी पार्किङका कारण ट्राफिक जाम हुने गरेको जनगुनासो बढेका कारण पनि उक्त मूख्य सडकमा पार्किङ निषेध गरिएको उहाँले बताउनुभयो ।






# मध्यपुर थिमिलाई परम्परागत शहरको रूपमा विकास गर्ने

**सुरेन्द्र श्रेष्ठ**
नगरप्रमुख श्रेष्ठ

**मध्यपुर थिमि** नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले मध्यपुर थिमिलाई 'परम्परागत मौलिक शहर'को रूपमा कसरी विकास गर्ने विषयमा धेरै योजना अघि बढाएको बताउनुभएको छ ।

राष्ट्रिय विभुती शंखधर साख्वा दिवसको अवसरमा मध्यपुर थिमि नगरपालिकाले आयोजित कार्यक्रममा नगरप्रमुख श्रेष्ठले मध्यपुर थिमिको परम्परागत बस्ती क्षेत्रका घरहरू पुनःनिर्माण गर्दा परम्परागत मौलिक शैलीमा निर्माण गर्न प्रोत्साहन गर्ने र पहिले बनेका घरहरूलाई पनि मौलिक शैलीमा रूपान्तरण गर्न नगरपालिकाले आवश्यक सहयोग गर्ने गृहकार्य भइरहेको बताउनु भयो ।

उहाँले मध्यपुर थिमिको ऐतिहासिक दरवार क्षेत्रलाई विगतमा शैक्षिक संस्थाको रूपमा विकास गरेमा अहिले पुनः ती दरवारलाई दरवारको रूपमा नै विकास गर्ने उद्देश्यले योजना निर्माण भइरहेको र यसै वर्षदेखी काम शुरू हुने बताउनुभयो ।

उहाँले आगामी शैक्षिक सत्रबाट कक्षा ७ र ८ मा स्थानीय पाठ्यक्रम लागु गर्ने तयारी अन्तिम चरणमा पुगेको बताउँदै यसै वर्ष ३ सय भन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको जानकारी दिनुभयो ।

उहाँले स्वास्थ्य क्षेत्रमा आमुल परिवर्तन हुने गरी काम भइरहेको बताउनुभयो । स्वास्थ्यमा जनताको पहुँच कसरी सहज र सरल बनाउने भन्ने उद्देश्यले नगरपालिकाले सञ्चालन गरेको नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा १३ यसवर्ष मात्र १३ करोड लगानी गरेर सिटी स्क्यान र डायलासिस शुरू गरिएको, नेपाल सरकारको सहयोगमा आईसीयू र शल्यक्रिया कक्षको निर्माण शुरू गरिएको, कोरिया सरकारको एक अर्ब २५ करोडको सहयोगमा थप भवन निर्माण गरी २२८ बेडको अस्पताल सञ्चालनको दिशामा अघि बढेको र पाँच वर्षभित्र सबै नगरवासीलाई स्वास्थ्य बिमाको दायरामा ल्याएर निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने योजनाका साथ काम भइरहेको बताउनुभयो ।

उहाँले मध्यपुर थिमिमा शंखधर साख्वाको राष्ट्रिय संग्रहालय निर्माण गर्न नगरपालिकाले पहल गरिरहेको र यसमा सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

# मध्यपुर थिमि नगरपालिकाको ९ औं नगर सभा

**मध्यपुर थिमि** नगरपालिकाको नगरसभाको ९ औं अधिवेशन पौष ३० गते सम्पन्न भएको छ । नगरप्रमुख सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा बसेको नगरसभाको नवौं अधिवेशनले आगामी आर्थिक वर्ष २०८१/०८२ देखी आर्थिक वर्ष २०८३/०८४ सम्म तीन वर्षको राजश्व तथा आय प्रक्षेपणलाई सर्वसम्मत पारित गरेको छ ।

नगरसभा बैठकले नगर सभाबाट गठित समितिहरूको कार्य सञ्चालन कार्यविधि २०८०, नगरपालिकाद्धारा सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल सञ्चालन तथा व्यवस्थापन विधेयक २०८० पारित गरेको नगरप्रवक्ता एवम् वडा नं. ३ का वडाअध्यक्ष कृष्णहरि आचार्यले जानकारी दिनुभयो ।

बैठकले नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सरकारी जग्गाको विवरण र नगरपालिकाको भौतिक सम्पत्ति विवरण अद्यावधिक गरि स्विकृत गर्न कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय समेत गरेको छ ।

बैठकमा वडा नं. ४ का वडाअध्यक्ष बालकृष्ण पात्या श्रेष्ठ, वडा नं. ८ का वडा अध्यक्ष रमेश थापा श्रेष्ठ, वडा नं. ७ का वडा अध्यक्ष कृष्णकुमार प्रजापति, वडा नं. ९ का वडाअध्यक्ष सानुकाजी राजबाहक, नगरसभा सदस्य शेखर थापामगर, रविन सिजापति, उमेश श्रेष्ठ, रामचन्द्र थापा मगर लगायतले विविध विषयमा आफ्नो धारणा राख्दै थप जिज्ञासा राख्नुभएको थियो ।

बैठकमा उपप्रमुख विजयकृष्ण श्रेष्ठले चालु आर्थिक वर्षको राजश्व संकलन तथा आन्तरिक आम्दानीको अर्धवार्षिक समिक्षा प्रस्तुत गर्दै विकास निर्माणको गतिलाई थप तिव्रता दिनुपर्ने आवश्यक रहेको बताउनुभयो ।

नगरप्रमुख सुरेन्द्र श्रेष्ठले नगरपालिकालाई विधिसम्मत र पारदर्शी ढंगले सञ्चालन गर्ने उद्देश्य अनुसार नगरसभाको हिउँदे अधिवेशन अन्तर्गत केही आवश्यक ऐन कानून निर्माणका लागि बैठक राखिएको जानकारी दिँदै वित्तिय सुशासन कायम राख्दै विकास निर्माणलाई थप जनसहभागितामूलक बनाउँदै लैजाने बताउनुभयो । उहाँले नगर सभा सदस्यहरूले राखेका जिज्ञासालाई समाधान गर्दै जनप्रतिनिधिहरूले जनताको सेवकको रूपमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।



# सहकारी ऐन र नियमावलीका बारेमा सञ्चालकहरूलाई अभिमुखीकरण

मध्यपुर थिमि नगरपालिकाले नगरभित्र सञ्चालित सहकारी संस्थाका पदाधिकारी एवम् व्यवस्थापकलाई नगरपालिकाले जारी गरेको सहकारी ऐन २०७९ र नियमावली २०८० को बारेमा अभिमुखीकरण गरेको छ ।



सहकारीहरू एकपछि अर्को समस्याग्रस्त हुँदै गएको अवस्थामा सहकारीहरूको नियमनका लागि नगरपालिकाले नगरपालिकाको सहकारी ऐन-२०७९ र सहकारी नियमावली-२०८० जारी गरेको थियो । सोही ऐन र नियमावलीमा व्यवस्था भएका विभिन्न विषयमा जानकारी गराउने उद्देश्यले नगरपालिकाले एक दिने अभिमुखीकरण गरेको हो ।



कार्यक्रममा नगरप्रमुख सुरेन्द्र श्रेष्ठले नगरभित्र स्थानीयरूपमा र समूदायमा आधारित भएर सञ्चालित सहकारी संस्थाहरूमा वचत फिर्ताको समस्या नरहेको बताउनुभयो । उहाँले समूदायमा आधारित भन्दा पनि सहकारी सिद्धान्त विपरित व्यापारिक दृष्टिकोणले सञ्चालित सहकारी संस्थाहरू समस्याग्रस्त बनेको बताउनुभयो ।

उहाँले सहकारी ऐन र नियमावली निर्माणमा नगरपालिकाले धेरै अध्ययन, अनुसन्धान र मेहनत गरेको बताउँदैं सहकारी विज्ञहरूको सरसल्लाह, सुझावमा ऐन नियमावली निर्माण गरेको जानकारी दिनुभयो । उहाँले यसले नगरभित्रका सहकारी संस्थाहरूको नियमनमा सहज हुने र वचतकर्ताको वचत सुरक्षित हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

उपप्रमुख विजयकृष्ण श्रेष्ठले नगरभित्र सञ्चालित समस्याग्रस्त सहकारीको अनुसन्धानका क्रममा सञ्चालकहरूले बेइमानी र वचत अपचलन गरेका कारण समस्या आएको पाएको बताउनुभयो । "सहकारीको मूल्य मान्यता र सिद्धान्त अनुसार सञ्चालित सहकारीमा समस्या आएको छैन," उहाँले भन्नुभयो, "जहाँ सञ्चालकहरूले वचत अपचलन गरेका छन ती सहका ीमा समस्या आएको छ ।"

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष केदार खड्काले लामो छलफल र तयारीपछि नगरपालिकाले सहकारी ऐन र नियमावली ल्याउनु सकारात्मक भएको बताउँदै यसलाई पूर्णरूपमा कार्यान्वयन गर्न सके धेरै हदसम्म सहकारीका वचतकर्ताको वचत सुरक्षित बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सहकारी विज्ञ कैलाशभक्त प्रधानाङ्गले नगरपालिकाले सहकारी ऐन र नियमावली निर्माण गरेर सह्रानीय कार्य गरेको बताउनुभयो । उहाँले स्थिरीकरण कोषले सहकारीहरूलाई थप बलियो बनाउने विश्वास दिलाउँदैं नगरपालिकाले अब ऐन नियमावली व्यवस्था भएका विभिन्न समितिहरूको गठन गरी सहकारीहरूको नियमनलाई जोड दिनुपर्ने बताउनुभयो ।

नगरपालिकाको उद्योग सहकारी तथा रोजगारी प्रबर्द्धन शाखाका प्रमुख अभयन्द्र रञ्जितले ऐन र नियमावलीको बारेमा प्रस्तुतीकरण मार्फत नगरपालिकाले ऋण सूचना केन्द्र, ऋण असुली न्यायाधिकरण, सहकारी वचत तथा ऋण सुरक्षण कोषको स्थापना, स्थिरीकरण कोष सम्बन्धी व्यवस्था र सञ्चालनको व्यवस्था रहेको बताउनुभयो ।

सहकारी समितिका संयोजक एवम् वडा नं. ९ का अध्यक्ष सानुकाजी राजबहाकले सहकारी ऐन र नियमावली वचतकर्ता सँगसँगै सहकारी सञ्चालकहरूको सहारा भएको बताउनुभयो । उहाँले ऐनले गलत गर्ने सञ्चालक मात्र नभई ऋण नतिर्ने सदस्यहरूलाई पनि कारवाही गर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले ऐन र नियमावलीमा व्यवस्था गरिएका स्थिरीकरण कोष सम्बन्धी व्यवस्था र सञ्चालन, ऋण असुलीमा नगरपालिकाले खेल्ने भूमिका लगायतका विषयमा जिज्ञासा राखेका थिए । कार्यक्रममा नगरपालिका क्षेत्रभित्र रहेका एक सय २८ वटा सहकारीका प्रतिनिधिहरू सहभागी थिए ।








# खेलाडी उत्पादनको उद्देश्यका साथ खेलकुद

मध्यपुर थिमि नगरपालिकाले खेलकुद गतिविधिलाई पनि तिव्रता दिने क्रममा खेलकुदका प्रतियोगिताहरूलाई आर्थिक सहयोग गर्ने देखी नगरपालिका स्वयम्ले प्रतियोगिताहरू आयोजना गर्दै आएको छ । खेलाडीमा रहेको खेलको सिप, कला कौशललाई थप निखारता दिई राष्ट्रिय खेलाडी उत्पादन गर्ने लक्ष्य नगरपालिकाको रहेको छ ।

मध्यपुर थिमि विविध खेलका साथै फुटबलको उर्भर भुमी हो । विगतमा उपेन्द्रमान सिंह, सन्तोष साहुखल, जीवन सिन्केमान, बालगोपाल साहुखल, रमेश सिन्केमन जस्ता राष्ट्रिय खेलाडी उत्पादन भएको नगर हो मध्यपुर थिमि । साथै क्रितिशरत्न छुँजु, पुजन होना, रोहन खडगीलगायतका युवा खेलाडीहरू राष्ट्रिय अन्तराष्ट्रिय फुटबल प्रतियोगितामा आफ्नो छाप छोड्न सफल भइरहेका छन ।

यहाँ मार्सल आर्टसतर्फ कराँते, उसु, जिम्न्याष्टिक, भलिबल पनि उत्तिकै लोकप्रिय छ । १३ औं दक्षिण एसियाली खेलकुदमा कराँतेमा दोहोरो स्वर्ण जित्ने मण्डेकाजी श्रेष्ठ मध्यपुर थिमिकै स्थानीय हुन ।

नगरप्रमुख सुरेन्द्र श्रेष्ठ स्वयम् फुबटलका उत्कृष्ट खेलाडी हुन । मध्यपुर थिमिको प्रतिनिधित्व गर्दै विभिन्न प्रतियोगितामा सहभागी भइसक्नु भएका नगरप्रमुख श्रेष्ठको परिकल्पना अनुसार मध्यपुर थिमिले वडा लिग फुटबल प्रतियोगिता शुरू गरेको छ । प्रतियोगितामा मध्यपुर थिमिका स्थानीय खेलाडीले मात्र सहभागिता जनाउन पाउने यसको प्रमुख विशेषता हो । यसले नगरका युवा खेलाडीहरूले मौका पाउने र उनीहरू फुटबलमा लाग्न प्रेरित हुने विश्वास नगरपालिकाको रहेको छ ।



# मध्यपुर थिमि नगरपालिका
# वडा लिग फुटबल २०८०

नगरप्रमुख सुरेन्द्र श्रेष्ठको परिकल्पना अनुसार मध्यपुर थिमि नगरपालिका वडा लिग फुबटल प्रतियोगिता २०७९ सालदेखी शुरू भएको हो । यसवर्ष यसको दोस्रो संस्करण गत माघ ..गतेदेखी फागुन २४ गते सम्म सञ्चालन भएको थियो ।

प्रतियोगितामा साविक विजेता वडा नं. ९ ले अपराजित रहँदैं लगातार दोस्रो पटक उपाधी जित्यो । वडा नं. ९ ले लिगका ८ वटै खेल जितेर २४ अंकका साथ उपाधी जितेको हो । वडा नं. ९ ले उपाधीसँगै नगद २ लाख ५० हजार र ट्रफी हात पारे ।

प्रतियोगितामा वडा नं. ५ उपविजेता बने । वडा नं. ५ ले ८ खेलमा ६ जित, १ बराबरी र १ हारका साथ १९ अंक बटुले । वडा नं.५ ले ट्रफीका साथ नगद १ लाख २५ हजार पुरस्कार प्राप्त गरे ।

वडा नं. ३ ले १४ अंक प्राप्त गर्दै लिगमा तेस्रो स्थान हासिल गरे । वडा नं. ३ ले ८ खेलमा ४ जित, २ बराबरी र २ हार व्यहोरेको थियो । वडा नं. ३ ले नगद ६० हजारका साथै ट्रफी हात पारे ।

लिगको चौथो स्थानमा १२ अंकका साथ वडा नं. ६, पाँचौं स्थानमा ११ अंकका साथ वडा नं. २, छैटौं स्थानमा ८ अंकका साथ वडा नं. १, सातौं स्थानमा ६ अंकका साथ वडा नं. ८, आठौं स्थानमा ४ अंकका साथ वडा नं. ४ र अन्तिम स्थानमा ३ अंकका साथ वडा नं. ७ रहयो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी वडा नं. ९ का यमन राजबहाक घोषित भए । उनले नगद २५ हजार पुरस्कार प्राप्त गरे । लिगमा सर्वाधिक ८ गोल गरेका यमन प्रतियोगिताको उत्कृष्ट स्ट्राइकर समेत घोषित भए । सो वापत उनले थप १० हजार रूपैया पुरस्कार पाए ।

प्रतियोगिताको उत्कृष्ट गोलरक्षक वडा नं ३ का अम्बर श्रेष्ठ, उत्कृष्ट रक्षक वडा नं ५ का सुदर्शन श्रेष्ठ, उत्कृष्ट मिड फिल्डर वडा नं ३ का विक्रम के.सी., उत्कृष्ट प्रशिक्षक वडा नं ९ का तुल्सी भुजु 'राजा' घोषित भए । उत्कृष्ट सबैले समान नगद १०/१० हजार प्राप्त गरे । प्रतियोगिताको अनुशासित टोली घोषित हुँदैं वडा नं ७ नगद २५ हजार प्राप्त गरे ।

प्रतियोगिताका विजयी टोली र खेलाडीहरूलाई मध्यपुर थिमि नगरपालिकाका नगरप्रमुख सुरेन्द्र श्रेष्ठ, उपप्रमुख विजयकृष्ण श्रेष्ठ, पूर्व नगरप्रमुखहरू मदनकृष्ण श्रेष्ठ, मदनसुन्दर श्रेष्ठ, पूर्वउपप्रमुखहरू



अञ्जनादेवी मधिकर्मी र मुरारीप्रसाद आचार्य, वडाअध्यक्षहरू, मध्यपुर युथ एशोसियसनका अध्यक्ष उपेन्द्रमान सिंह, उपाध्यक्ष अष्ट कवेलगायतका व्यक्तित्वहरूले पुरस्कृत गरे ।

सो अवसरमा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले प्रतियोगिता मध्यपुर थिमिमा राष्ट्रिय फुटबल खेलाडी उत्पादन गर्ने उद्देश्यले आयोजना गरेको बताउँदै प्रतियोगिताका उत्कृष्ट खेलाडी छनोट गरी नगरपालिकाको टोलीको रूपमा विभिन्न प्रतियोगितामा सहभागी गराईने जानकारी दिनुभयो ।

उपप्रमुख विजयकृष्ण श्रेष्ठले लिगका खेलहरू गतवर्षको तुलनामा स्तरिय भएको बताउँदै आगामी वर्ष थप परिस्कृत गर्दै प्रतियोगिता सञ्चालन गर्ने जानकारी दिनुभयो ।

सो अवसरमा नगरपालिका र आयोजक एशोसियसनले संयुक्तरूपमा मध्यपुर थिमिका प्रत्येक वडाका तीन/तीन जना भेट्रान फुटबल खेलाडीहरू, नेपाली महिला राष्ट्रिय फुटबल टोलीका पहिलो कप्तान रमा सिंह र महिला रेफ्री एवम् पूर्व खेलाडी विना श्रेष्ठलाई पनि दोसल्ला ओढाई सम्मान गरिएको थियो ।


















## मध्यपुर थिमि नगरस्तरीय राष्ट्रपति रनिङ शिल्डमा

# आदर्श सानो थिमि च्याम्पियन

सानो थिमिस्थित आदर्श माध्यामिक विद्यालय मध्यपुर थिमि नगरस्तरीय दोस्रो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता २०८० मा च्याम्पियन बनेको छ । मध्यपुर थिमि नगरपालिकाको शिक्षा शाखाले आयोजना गरेको तीन दिने प्रतियोगितामा आदर्श १० स्वर्ण, ७ रजत र ९ कास्यसहित कुल २६ पदकका साथ च्याम्पियन बनेको हो ।





आदर्श सानो थिमिले एथलेटिक्समा ७ स्वर्ण, मार्सल आर्टसतर्फ तेक्वान्दोमा एक स्वर्ण, छात्रा भलिबल र कबड्डीमा एक एक स्वर्ण जितेको थियो । प्रतियोगितामा सुप्रिम एकेडेमी ९ स्वर्ण, ७ रजत र १६ कास्यसहित दोस्रो भयो । सुप्रिमले मार्सल आर्टसतर्फ तेक्वान्दोमा २, कराँतेमा १ र उसुमा ६ स्वर्ण जितेको थियो । यसैगरी आदर्श मावि लायकु थिमि ५ स्वर्ण ११ रजत र २ कास्यसहित तेस्रो भए ।

विजेता विद्यालय र विद्यार्थीहरूलाई पुरस्कृत गर्दै नगर प्रमुख सुरेन्द्र श्रेष्ठले खेलकुदले अनुशासन, नियम पालना गर्न सिकाउने भएकाले यसले अनुशासित र असल नागरिक उत्पादन मद्दत पुग्ने बताउनुभयो । उहाँले खेलले राष्ट्रिय भावना समेत जागृत गर्ने भएकाले यसले राष्ट्रियताको संरक्षणमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उपप्रमुख विजयकृष्ण श्रेष्ठले फुटबलका पूर्व राष्ट्रिय गोलकिपर तथा कप्तान उपेन्द्रमान सिंह, सन्तोष साहुखल, बालगोपाल साहुखल, जीवन सिन्केमान, कराँतेका मण्डेकाजी श्रेष्ठलगायतका खेलाडी मध्यपुर थिमिको उत्पादन भएको उदाहरण प्रस्तुत गर्दै भविष्यमा पनि यस्तै खेलाडी उत्पादनका लागि राष्ट्रपति रनिङ शिल्डलाई नगरपालिकाले प्राथमिकतामा राखेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ८ का वडाअध्यक्ष रमेश थापा श्रेष्ठले असफलता नै सफलताको सिँढी भएकोले सफलताको लागि निरन्तरको प्रयास खाँचो रहने बताउनुभयो ।



## अपाङ्ता भएका ब्यक्तिहरूको लागि

# विशेष खेलकुद

बौद्धिक तथा शारीरिक अपाङ्ता भएका ब्यक्तिहरूको अवस्थाका बारेमा सरोकारवाला निकायलाई जानकारी दिई ध्यानाकर्षण गराउने एवं अशक्तहरूको हौसला बढाउने, अशक्तका अभिभावकहरूबीच आपसी परिचय र अनुभव आदानप्रदानलगायतका उद्देश्य राखी राष्ट्रिय सुस्त मनस्थित कल्याण संस्था- नेपाल जिल्ला शाखा भक्तपुरले उपत्यकाब्यापी विशेष खेलकुद कार्यक्रमको आयोजना गरेको छ ।

पुस १३ गते शुक्रबार स्थानीय गङ्गाघरस्थित खेलमैदानमा सम्पन्न कार्यक्रममा  काठमाडौ, ललितपुर, भक्तपुर र काभ्रेको बनेपामा शारीरिक तथा अपाङ्ता ब्यक्तिहरूलाई अध्ययन अध्यापक गराउने २२ वटा बिद्यालय तथा संघसंस्थाबाट ५५ जना महिला र ५९ जना पुरूष गरी १ सय १४ जना शारीरिक तथा बौद्विक अपाङ्ता बिद्यार्थीहरूको सहभागिता रहेको आयोजक शाखाका अध्यक्ष श्रीराम चक्रधरले जानकारी दिनुभएको छ ।

अध्यक्ष चक्रधरले विशेष खेलकुद कार्यक्रम अन्तर्गत ५० मिटर, १०० मिटर दौड, सफ बल थ्रो, स्ट्यानडिङ लमजम गरि चार बिधामा प्रतियोगिता भएको थियो भने खेलकुदको निर्णायक मानव विद्या गृहका प्रधानाध्यापक बाबुकृष्ण रंजितले गर्नुभएको बताउनुभयो ।

खेलकुद कार्यक्रमको उद्घाटन गर्नुहुँदै मध्यपुर थिमि नगरपालिकाका नगरप्रमुख सुरेन्द्र श्रेष्ठले शारीरिक अशक्त ब्यक्ति तथा अभिभावकहरूको समस्याप्रति आफुहरू गम्भीर रहेको भन्दै शारीरिक अशक्त तथा बौद्विक अपांगहरूको क्षेत्रमा कार्य गर्न नगरपालिका सदैव तयार रहेको बताउनुभयो । उहाँले उनीहरूको उचित स्याहारसुसार तथा शैक्षिक गतिविधि गर्न नगरपालिकाले विशेष कार्यक्रमका साथ बजेट समेत बिनियोजन गरेको बताउनुभयो ।









# मध्यपुर थिमिमा मौलिक स्थान-नाम पुनस्थापन अभियान

**- ई. राजेन्द्र श्रेष्ठ**


स्थान-नामांकरणको सम्बन्धमा मध्यपुर थिमि नगरपालिकाको अवस्था र अभ्यास समग्र देशको भन्दा पृथक छैन । आधुनिक नामांकरण, मौलिक नामको अपभ्रंश, भाषान्तरण जस्ता समस्याले दिनानुदिन नगरको मौलिकतामा ह्रास आइरहेको छ । त्यसो त स्थानीय निकाय र स्थानीय संघसंस्थाहरूको पहलमा ऐतिहासिक बस्तीक्षेत्रहरूमा स्थान-नामपाटी राख्ने छिटपुट कार्य नभएको होइन तर ती कार्यले पनि पुराना बस्ती बाहिरको क्षेत्रलाई समेट्न सकेको थिएन । यसरी मौलिक स्थान-नाम मानव सभ्यता एउटा महत्वपूर्ण विषय मात्र नभई स्थानीय पहिचान समेत भईकन यसको संरक्ष( णमा खासै ध्यान पुग्न सकेको थिएन । पछिल्ला समयमा हुन थालेको मौलिक स्थान-नामहरूको विस्थापन, भाषान्तरण एवम् विभिन्न स्थानहरूको अमौलिक नामांकरणलाई तत्काल व्यवस्थापन गर्न नसकेमा नगरको सामाजिक, सांस्कृतिक र ऐतिहासिक स्वरूप र संरचनाहरूको परिमार्जन, परिवर्तन र अपभ्रंस हुँदै अन्ततः समग्र नगरकै मौलिकतामा ह्रास आउने र इतिहास एवम् प्राचीन सभ्यताको समेत अपव्याख्या हुने सम्भावना बढेको छ । तसर्थ मौलिक स्थान-नामहरूको थप परिवर्तन र अपभ्रंस हुन नदिने, मौलिक स्थाननामको पुनस्थापन एवम् मौलिक सहितको स्थाननामांकरण गर्न निम्न तथ्यहरूलाई केन्द्रमा राखेर अगाडि बढ्नु आवश्यक छ ।

- » स्थानीयबासीलाई आफ्नो स्थानको मौलिक स्थान-नाम र यसको महत्व सम्बन्धी चेतना जगाउने ।
- » जिम्मेवार निकायहरूले मौलिक स्थान-नामलाई प्राथमि( कतापूर्वक प्राथमिकतामा राख्ने ।
- » नगरपालिकाभित्र आधिकारिक रूपमा स्थान-नाम पाटी राख्ने ।
- » स्थान-नामांकरण सम्बन्धी मानक एवम् रणनीति बनाएर कार्य थालनी गर्ने ।



## मध्यपुर थिमिका मौलिक स्थान नामांकरण

स्थानीय मौलिक नाम पुनस्थापन कार्य व्यवस्थित रूपमा योजनावद्ध गरी कार्यान्वयन गर्न सके मात्र सर्वस्वीकार्य र दीगो हुनसक्छ भन्ने अवधारणामा मध्यपुर थिमि नगरपालिकाले नगरका विभिन्न स्थानहरूको मौलिक नामलाई पुनस्थापन गर्ने कार्यको थालनी गरेको छ । यसको लागि विभिन्न चरणमा कार्यहरू अगाडि बढाइएको छ । यसलाई निम्नानुसार सारांशमा चर्चा गरिएको छ ।




## समिति गठन

स्थानीय मौलिक नामलाई अपभ्रंस, परिवर्तन वा प्रयोगविहिन हुनबाट जोगाएर अभिलेखिकरण एवम् प्रतिष्ठापन, पुनर्स्थापना मार्फत् यहाँको इतिहास एवम् संस्कृतिको साथै पहिचानलाई समेत जगेर्ना गर्न सकिन्छ भन्ने तथ्यलाई आत्मसात गर्दै मध्यपुरथिमि नगरपालिकाले आफ्नो नगरको विभिन्न स्थानहरूको मौलिक नाम जगेर्ना गर्ने सत्प्रयास स्वरूप मध्यपुरथिमिको मौलिक नाम अभिलेखिकरण तथा प्रतिष्ठापन समिति संचालन कार्यविधि-२०७९ जारी गरेर निम्न उद्देश्यहरू राखी २५ सदस्यीय "मौलिक नाम अभिलेखिकरण तथा प्रतिष्ठापन समिति" गठन गरिएको छ ।



## समितिको उद्देश्य

समितिको मूल उद्देश्य यस नगरपालिका भित्रका विभिन्न स्थानहरूको मौलिक एवम् ऐतिहासिक नामहरू प्रतिष्ठापन गरी नगरको संस्कृति, सम्पदा एवम् इतिहासको जगेर्ना गर्ने रहेको छ । यसको वस्तुगत उद्देश्य निम्नानुसार रहेका छन् ।

क) नगरभित्रका मौलिक स्थान-नामहरूको संकलन, सूचीकरण तथा अभिलेखिकरण गर्ने ।

ख) स्थानीय मौलिक नामलाई प्रतिष्ठापन, पुनर्स्थापन गर्ने कार्यको कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गर्ने ।

ग) मौलिक नाम प्रतिष्ठापन, पुनर्स्थापनको लागि नगरपालिकालाई सहयोग गर्ने ।

घ) मौलिक नामको महत्व, अर्थ र प्रतिष्ठापन, पुनर्स्थापनको आवश्यकता सम्बन्धमा सचेतनात्मक जगाउने क्रियाकलापहरू संचालन गर्ने ।

## समितिको कार्यक्षेत्र

क) यस समितिको कार्यक्षेत्र भौगोलिक रूपमा मध्यपुरथिमि नगरपालिका हुनेछ ।

ख) नगरको विभिन्न स्थानहरूको मौलिक नामको अध्ययन, संकलन गर्ने र सोको लागि आवश्यक दस्तावेज संकलन, समुदाय एवम् विषयविज्ञहरूसँग छलफल गर्ने ।

## मौलिक स्थान-नाम संकलन र विश्लेषण

मौलिक समितिको गठन पश्चात नगरपालिकाले मौलिक नाम संकलन र अभिलेखिकरणको लागि कार्यविधि निर्माण गरी तद्अनुरूप कार्य अगाडि बढाइएको छ । नगरबासी/समुदायहरूसँगको छलफल र ऐतिहासिक अभिलेखलाई आधार बनाएर स्थान-नाम संकलन कार्यलाई अगाडि बढाइएको छ । वडाध्यक्षज्यूहरूको संयोजनमा वडास्तरीय नगरबासीहरूसँगको छलफलमार्फत् नगरभित्रका करिब ४५० वटा विद्यमान् स्थान-नामहरू संकलन गरिएको छ । जसमध्ये अधिकांशतः (८८ प्रतिशत) वडा नं. ४ देखि ९ सम्मका क्षेत्रहरू भित्रका रहेका छन् जुन परम्परागत घना वस्तीहरूको कारण स्वभाविक छ । त्यसैगरी ऐतिहासिक अभिलेखहरू जस्तै ताडपत्र, शिलापत्र, ताम्रपत्र, भजनगीत आदिको अध्ययनबाट करिब ३०० ऐतिहासिक स्थान-नामहरू संकलन गरिएको छ ।



## विद्यमान् स्थान-नामहरूको विश्लेषण

निश्चित मानकहरूको आधारमा मौलिक स्थान-नामांकरण र पुनस्थापन कार्यलाई दिगो एवम् मौलिकतायुक्त बनाउन सकिन्छ । ती मानकहरू तय गर्नको लागि स्थान-नामको मौलिकता, प्राचीनता र स्थान-नामांकरण गर्ने परम्परागत प्रचलन र मान्यतासम्बन्धी जानकारी महत्वपूर्ण र सहयोगी हुन्छ । तसर्थ विद्यमान् मौलिक स्थाननाम सम्बन्धी निम्न विश्लेषणको आधारमा नगरपालिकाले स्थान मौलिक स्थाननामको पुनस्थापन र नयाँ नामांकरण कार्य समन्धी मानक तथा रणनीतिक कार्ययोजना निर्माण गरेको छ ।



**(क) भाषागत स्थान-नाम:** विशुद्ध नेवार बस्ती भएको हुँदा इतिहासदेखि वर्तमान्सम्म भए गरेका मध्यपुरथिमि नगरभित्रका विभिन्न स्थान-नामहरू स्वभाविक रूपमा नेपाल भाषाबाट राखिएका छन् । अपवादका रूपमा केहि ऐतिहासिक स्थान-नामहरू संस्कृत र छिटपुट खस नेपाली भाषा र अंग्रेजी भाषामा गर्ने गरिएको देखिन्छ । यसबाहेक केहि लिच्छविकालिन शिलालेखहरूमा उल्लेख आएका स्थान-नामहरू किराँत भाषाबाट राखिएको अनुमान छ । यसरी विद्यमान् स्थान-नामहरूमध्ये करीब ७९ प्रतिशत नेपालभाषामा राखिएका छन् भने बाँकी अन्य भाषाबाट नामांकरण गरिएको पाइन्छ ।

**(ख) भौगालिक स्थान-नाम:** भौगोलिक स्वरूपलाई आधार मानेर स्थान-नामांकरण गर्ने परम्परागत प्रचलन रहेबाट विद्यमान् स्थान-नामहरू मध्ये करीब ३६ प्रतिशत स्थान-नाम भूगोलसँग जोडिएको छ । यस अन्तर्गत स्थान-नामांकरणको आधारको रूपमा मूलतः स्थानीय बनस्पति, हावापानी, भूस्वरूप वा धरातलीय स्वरूपलाई समेटिएको छ ।

**(ग) प्राचीन स्थान-नाम:** पुरातात्विक अर्थमा १०० वर्ष भन्दा पुरानोलाई प्राचीन मानिने भएपनि स्थानीय वस्तुस्थितिको आधारमा स्थान-नामको प्राचीनता ५० वर्ष निर्धारण गरिएको छ । जसको आधारमा मापन गर्दा करीब ८० प्रतिशत विद्यमान् स्थान-नामहरू प्राचीन देखिन्छ ।

**(घ) जातिगत स्थान-नाम:** मध्यपुरथिमि नगर विशुद्ध नेवार बस्ती हो । यद्यपी कुनै कालखण्डमा आएर यहाँ बसोबास गरेका विभिन्न समुदायको बस्तीलाई सम्बन्धित समुदायको नामबाट सम्बोधन गर्ने क्रममा स्थान-नाम बन्न गएको एकाध उदाहरण बाहेक मध्यपुरथिमि नगरभित्रका ऐतिहासिक र विद्यमान् दुबै प्रकारका स्थान-नामहरू जातिगत आधारमा राखिएको भेटिएको छैन । तर विभिन्न समुदायभित्रका थर विशेषको आधारमा टोलबस्तीको अनौपचारिक नामांकरण गर्ने प्रचलन भने विद्यमान् अवस्थामा बढ्दै गएको पाइन्छ । यसरी थर विशेषको आधारमा नामांकरण गरिएका आधुनिक स्थान-नामहरूको अवस्था हेर्दा झण्डै ८ प्रतिशत रहेको देखिन्छ ।

**(ङ) सम्पदागत स्थान-नाम:** ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाको आधारमा राखिएका विभिन्न स्थान-नामहरू ऐतिहासिक एवम् विद्यमान् दुबै प्रकारका स्थान-नामहरूमा भेटिन्छ । विद्यमान् स्थान-नामहरूमध्ये करीब २० प्रतिशत विभिन्न प्रकारका मूर्त सम्पदासँग सम्बन्धित रहेका छन् ।

**(च) शब्दविशेष स्थान-नाम:** पछिल्ला केहि वर्षहरूमा हुन थालेका बस्ती विकास एवम् विस्तारको क्रममा कुनै राम्रो लागेका शब्दको छनौट गरेर आफू बसेको स्थानको नामांकरण गर्ने प्रवृति बढ्दो छ । जसलाई प्रस्तुत प्रतिवेदनको प्रयोजनको लागि शब्दविशेष स्थान-नाम भनिएको छ । स्वभावतः यस्ता नामांकरणले स्थानीय मौलिकतालाई प्रतिविम्बित गरेको पाईदैन । मध्यपुर थिमि नगरभित्र वर्तमान् परिप्रेक्ष्यमा शब्दविशेष स्थान-नामहरूको संख्या न्यून देखिएपनि यो अभ्यास बढ्न थालेकोले निश्चित मानकको आधारमा स्थान-नामांकरणलाई व्यवस्थित र मौलिक बनाउनु जरूरी छ ।



मौलिक स्थान/नाम संकलन तथा अभिलेखिकरण प्रतिवेदन, २०८० मा अभिलेखिकरण गरिएका नगरपालिकाभित्र ४४५ वटा स्थान-नामहरूमध्ये करीब ८३% स्थान-नामहरू अझै मौलिक प्रकृतिको रहेको पाइन्छ । यसबाट मौलिक स्थान-नामांकरण र पुनस्थापनमार्फत् नगरपालिकालाई एउटा जीवन्त सांस्कृतिक नगरको स्वरूपमा विकास गर्न सकिने प्रचूर सम्भावना देखिन्छ ।

## उपसंहार

यिनै पृष्ठभूमीमा मध्यपुरथिमि नगरपालिकामा मौलिक स्थान-नामको पुनस्थापन अभियान संचालन गरिहेको छ । मौलिक स्थान-नाम पुनर्उत्थानको लागि मध्यपुरथिमि नगरपालिकाले सम्भवतः देशमै एक पहिलो पल्ट कार्यविधि समेत निर्माण गरी नगरभित्रका मौलिक स्थान-नामको जगेर्ना गर्ने कार्यको थालनी गरेको छ । उक्त कार्यविधि अन्तर्गत गठित मौलिक नाम अभिलेखिकरण तथा प्रतिष्ठापन समितिले वडागत रूपमा समुदायसँग छलफल, स्थानीय एवम् बाह्य विज्ञहरूसँग अन्तर्क्रिया, स्थलगत अध्ययन भ्रमण आदि लगायतका विविध क्रियाकलाप मार्फत् नगरभित्रका टोलबस्ती क्षेत्रको मौलिक स्थान-नामहरू संकलन गरेको छ । यसरी संकलित विद्यमान् र ऐतिहासिक स्थान-नामलाई यसको नामांकरणसँग सम्बन्धित विषयवस्तुहरूको आधारमा अध्ययन र विश्लेषण समेत गरेर मौलिक स्थान/नाम संकलन तथा अभिलेखिकरण प्रतिवेदन, २०८० प्रकाशित भइसकेको छ भने त्यहि प्रतिवेदनको आधारमा नगरपालिकामा स्थाननामपाटी राख्ने कार्य नेपाल संवत् ११४४ नववर्षको उपलक्ष्यमा (२०८० कार्तिक २८ गते) सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूबाट शुभारम्भ भईसकेको छ । यसैगरी मौलिक स्थान-नाम पुनस्थापना तथा नयाँ स्थान-नामांकरण कार्यसम्बन्धी मानक एवम् रणनीति समेत तयार गरि अघि बढिरहेको छ ।








# राजस्व शाखा

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई पर्याप्त अधिकार, स्रोत साधन र जिम्मेवारी प्रदान गरेको छ । तिं अधिकार मध्येको एक प्रमुख अधिकारको रूपमा वित्तिय स्वायत्तताको अधिकारको रूपमा विभिन्न प्रकारका कर सेवा शुल्क दस्तुरहरू लगाउने र उठाउने अधिकार प्रदान गरेको छ । स्थानीय तहको वित्तिय स्वायत्ततालाई व्यवहारमा लागु गर्न, कर सम्बन्धि नीति निर्धारण तथा आवश्यक मार्गदर्शन प्रदान गर्न स्थानीय तहको एक अधिकारसम्पन्न अंगको रूपमा नगर उपप्रमुखको संयोजकत्वमा स्थानीय राजस्व परामर्श समितिको व्यवस्था भएको छ । यस नगरपालिकाको राजस्व परामर्श समितिले नगरको राजस्व परिचालनमा रहेका समस्याको सम्बोधन गर्दै अग्रगामी सोचका साथ द्रुत दरका राजस्व संकलनमा बृद्धि गर्न सफल भएको छ ।

राजस्व परामर्श समितिको अधिकार र कार्यक्षत्र अन्तर्गत राजस्व असूलीका लागी अपनाइएका विधिहरूको अनुगमन मूल्यांकन गर्ने र सुधारको लागि आवश्यक नीतिगत, कानूनी तथा संरचनागत सुधारका लागि सिफारिस गर्ने, करको बार्षिक दर सिफारिस गर्ने, राजस्वको दायरा बृद्धि गर्ने तथा करको दायामा नआएका करदाताहरूलाई दायरामा ल्याउने तथा कर सहभागिता अभिबृद्धि गर्ने सम्बन्धमा सिफारिस गर्ने, राजस्व सुधार कार्ययोजना तयार गर्ने, विगत बर्षको राजस्व संकलनको अबस्था तथा भावि नीतिका अधारमा आगामी बर्षको आय प्रक्षेपण गर्ने, करदाता र नगरपालिकाबिच सुमधुर सम्बन्धको विकास गर्ने जस्ता कार्यहरू पर्दछन् ।

सोही बमोजिम मध्यपुर थिमि नगरपालिकाको राजस्व परामर्श समितिले नगरपालिकाको आन्तरिक आय संकलनको प्रभावकारीतामा बृद्धि गर्न विभिन्न योजनाहरू अगाडी बढाईएको छ । जसको प्रतिफलस्वरूप नगरपालिकाको आन्तरिक आयमा उत्साहजनक बृद्धि भएको भएको तथ्याङ्कले देखाउँछ ।

## राजस्व सङ्कलनको अबस्था :

### (क) आ.ब. २०७९/०८० को प्रगति :

आ.ब. २०७९/०८० मा मध्यपुर थिमि नगरपालिकाले आन्तरिक स्रोतबाट बैंक मौज्दात बाहेक ३२ करोड ९५ लाख ६५ हजार रूपैया राजस्व संकलन गर्ने लक्ष्य राखिएको थियो । सो आ.ब.मा जम्मा २४ करोड तेह्रलाख अठतिसहजार सातसय सतचालिस रूपैया सन्ताउन्न पैसा मात्र जम्मा राजस्व संकलन भएको थियो । जुन लक्ष्यको तुलनामा ७३.२३ प्रतिशत रहेको थियो । जबकी आ.ब. २०७८/०७९ मा जम्मा १८ करोड ४५ लाख ९४ हजार ६ सय सतसाठी रूपैया मात्र राजस्व संकलन भएको थियो । आ.ब. २०७८/०७९ मा भन्दा आ.ब. आ.ब. २०७९/०८० मा ५ करोड ६७ लाख ४४ हजार ८० रूपैया बढि राजस्व संकलन भएको थियो ।

### (ख) चालु आ.ब. २०८०/०८१ मा राजस्व_ संकलनको अबस्था :

आ.ब. २०८०/०८१ मा यस नगरपालिकामा आन्तरिक स्रोतबाट रू. ३३,९४,९९,०००।- (अक्षेरेपि तेत्तिस करोड चौरानब्बे लाख उनान्सय हजार रूपैया मात्र) राजस्व सङकलन गर्ने बर्षिक लक्ष्य रहेको छ । पहिलो ६ महिनाको अबधि (श्रावण - फागुन ९) सम्ममा जम्मा रू. २१,८२,८१,६४२ (अक्षेरेपि एक्काइस करोड बयासीलाख एकासीहजार छसय बयालिस रूपैया मात्र) राजस्व सङ्कलन भएको छ । जुन लक्ष्यको तुलनामा ६४.३० प्रतिशत रहेको छ ।

## राजस्व सधारका लागि सञ्चालित कार्यक्रमहरू :

### (क) कर उत्प्रेरणा कार्यक्रम (Tax Incentive Program)

मध्यपुर थिमि नगरपालिकाले कर उत्प्रेरणा कार्यक्रम (Tax Incentive Program) अन्तर्गत आर्थिक बर्ष २०८०/०८१ मा विभिन्न छुट तथा सहुलियतको व्यवस्था गरी समयमै र नियमितपमा कर तिर्न करदातालाई प्रोत्साहन गरिएको थियो । जस अन्तर्गत निम्न छुट तथा सहुलियतको व्यवस्था गरिएको छ :

**१. सम्पत्ति करमा छुट :-**

- सम्पत्ति करमा अघिल्लो ३ बर्षको बक्यौता करमा लाग्ने जरिवाना छुट गरिएको ।
- २०८० असोज महिना भित्रमा सम्पत्ति कर बुझाएमा आ.ब. २०८०/०८१ मा लाग्ने करमा मात्र १० प्रतिशत छुटको व्यवस्था गरिएको ।

**२. व्यवसाय करमा छुट :-**

- २०८० साल असोज महिना भित्र व्यवसाय दर्ता नविकरण गर्नआएमा बक्यौता करमा लाग्ने सम्पूर्ण जरिवाना छुट ।
- २०८० साल असोज महिना भित्र व्यवसाय कर

बुझाएमा आ.ब. २०८०/०८१ मा लाग्ने व्यवसाय करमा मात्र १० प्रतिशत छुट ।

- नयाँ व्यवसाय दर्तालाई प्रोत्साहन गर्न आर्थिक बर्ष २०७४/०७५ लाई आधार बर्ष मानि उक्त आर्थिक बर्ष भन्दा अगाडिको व्यवसाय कर छुट ।

## ३. घरबहाल करमा छुट :-

आ.ब. २०८०/०८१ असोज महिना भित्रमा २०८० श्रावण देखि २०८१ असार मसान्तसम्म लाग्ने सम्पूर्ण घरबहाल कर एकमुष्ट तिर्ने करदातालाई आ.ब. २०८०/०८१ मा लाग्ने बहाल करमा मात्र १० प्रतिशत छुट प्रदान गरिएको ।

(ख) बजार अनुमगन : दशै तथा तिहारलाई लक्षित गरी नगरपालिकाले चाडबाडको पूर्वसन्धयामा बजार अनुगमन गरिएको थियो । अनुगमनका क्रममा विशेष गरी कालो बजारी, बस्तु तथा सेवाको गुणस्तर तथा मूल्य, नापतौल र परिमाण, सञ्चालन अनुमति, व्यवसाय दर्ता सम्बन्धि विवरण जाँच गरी अखाद्य तथा कम गुणस्तरका वस्तुहरू जफत तथा नस्ट समेत गरिएको थियो ।

नेपालीहरूको महान चाड विजयादशमी र दिपावलीलाई लक्षित गरी मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र बजार अनुगमन गर्न नगरपालिकाको मिति २०८०/०६/२४ गतेको निर्णयानुसार गठित बजार अनुगमन टोलीले दशै तथा तिहारको पूर्वसन्ध्यामा बजार अनुगमन गरिएको थियो । अनुगमनका क्रममा विभिन्न आधार, मापदण्ड तथा पूर्वाधारहरू पुगे नपुगेको सम्बन्धमा विस्तृत विवरण सङ्कलन गरिएको थियो । विषयगत रूपमा बजार अनुगमनबाट देखिएका तथ्यहरू यस प्रकार रहेका छन् :-

(ग) व्यवसाय दर्ता सहयोगीको व्यवस्थाः नगरपालिकामा दर्ता हुन बाँकी व्यवसायहरूलाई दर्ता प्रक्रियामा ल्यान स्थलगत रूपमा खटिइ नगर क्षेत्रमा सञ्चालित सम्पूर्ण व्यवसायहरूलाइ दर्ता प्रक्रियामा ल्याउन ३ जना व्यवसाय दर्ता सहयोगी सेवा करारको माध्यमबाट भर्ना गरी पचिालन गरिएको छ । यसबाट व्यवसाय करको दायरामा बृद्धि हुने अपेक्षा गरिएको छ ।

(घ) विज्ञापन कर संकलन अभियानः नगरपालिका क्षेत्रमा जथाभावि रूपमा नगरपालिकाको अनुमति नलिई तथा कर समेत नतिरी राखिएका विज्ञापन सामग्रीहरूलाई करको दायरामा ल्याउने उद्देश्यले स्थलगत रूपमा राखिएका विज्ञापन सामग्रीहरूको विस्तृत विवरण संकलन गरी करको दायरामा ल्याउने कार्यको सुरूवात गरिएको छ ।

(ङ) सुत्र प्रणालीको आंशिक प्रयोगको सुरूवातः महालेखा नियन्त्रक कार्यालयले विकास गरेको सुत्र रिभिन्यू प्रणालीको आंशिक प्रयोगको सुरूवात भएको छ र निकट भविष्यमै पूर्ण रूप्मा लागु गर्ने तयारी गरिएको छ ।

(च) बक्यौता कर असूलीको प्रयासमा तिब्रता : गत विगत देखिनै विभिन्न संस्थाहरूबाट उठाउन बाँकी बक्यौता सम्पत्ति कर उठाउने सन्दर्भमा निरन्तर पहल, पत्राचार, छलफल र ताकेता निरन्तर रूपमा भईरहेको छ ।

| क्र.सं | राजस्व संकलन केन्द्र | संकलित रकम रु (आ.व. २०७९।८०) | जम्मा संकलित राजस्वको प्रतिशत | बढि राजस्व उठाउने संकलन केन्द्र अनुसारको क्रम |
|---|---|---|---|---|
| १ | वडा नं. १ कार्यालय | २,२२,४२,९५५.८५ | ९.२१६४% | चौथो(४) |
| २ | वडा नं. २ कार्यालय | २,२७,५५,७७४.४५ | ९.४२८९% | तेस्रो (३) |
| ३ | वडा नं. ३ कार्यालय | ३,९८,१७,२२५.४७ | १६.४९८% | दोस्रो (२) |
| ४ | वडा नं. ४ कार्यालय | १,९२,६४,६१९.५७ | ७.९८२३% | पाँचौं (५) |
| ५ | वडा नं. ५ कार्यालय | १,५०,५५,०१६.९७ | ६.२३८१% | सातौं (७) |
| ६ | वडा नं. ६ कार्यालय | ९७,५९,२१६.६८ | ४.०४३७% | आठौं (८) |
| ७ | वडा नं. ७ कार्यालय | ६६,८३,७२३.८७ | २.७६९४% | दसौं (१०) |
| ८ | वडा नं. ८ कार्यालय | ८८,४६,७९९.६५ | ३.६६५७% | नवौं (९) |
| ९ | वडा नं. ९ कार्यालय | १,६३,८२,५८७.२६ | ६.७८८२% | छैठौं (६) |
| १० | राजस्व शाखा | ८,०५,३०,८५७.८० | ३३.३६८३% | पहिलो(१) |
| जम्मा | | २४,१३,३८,७४७.५७ | १०० % | |

# नगरपालिकाको २७औं स्थापना दिवसका झलकहरू
























औं स्थापना दिवस
कुमारी










# मध्यपुर थिमि नगरपालिकाका निवार्चित वडा सदस्यहरु



**कान्छाराम द्वारे**
सदस्य, म.थि.न.पा.-१



**रीमा परियार**
दलित महिला सदस्य, म.थि.न.पा.-१



**श्यामकृष्ण प्रजापति**
सदस्य, म.थि.न.पा.-१



**अम्बिका रजक**
दलित महिला सदस्य, म.थि.न.पा.-२



**रबिन सिजापति**
सदस्य, म.थि.न.पा.-२



**सरिता अर्याल**
महिला सदस्य, म.थि.न.पा.-२



**शेखर थापा मगर**
सदस्य, म.थि.न.पा.-२



**गणेशमान कुटु**
सदस्य, म.थि.न.पा.-३



**निर्मला परियार**
दलित महिला सदस्य, म.थि.न.पा.-३



**रबिन्द्रनाथ न्यौपाने**
सदस्य, म.थि.न.पा.-३



**मदनकृष्ण श्रेष्ठ**
सदस्य, म.थि.न.पा.-४



**रामकेशरी श्रेष्ठ**
महिला सदस्य, म.थि.न.पा.-४



**उमेश श्रेष्ठ**
सदस्य, म.थि.न.पा.-४



**कमला प्रजापति**
सदस्य, म.थि.न.पा.-५




**लक्ष्मी देउला**
दलित महिला सदस्य, म.थि.न.पा.-५



**राजभाइ प्रजापति**
सदस्य, म.थि.न.पा.-५



**सुरेन्द्र भासिमा**
सदस्य, म.थि.न.पा.-५



**अरुणा कारन्जित**
महिला सदस्य, म.थि.न.पा.-६



**रामचन्द्र थापा मगर**
सदस्य, म.थि.न.पा.-६



**तुल्सीराम प्रजापति**
सदस्य, म.थि.न.पा.-६




**भक्तराज खत्री**
सदस्य, म.थि.न.पा.-७



**योगेन्द्र कुमार ढुवाल**
सदस्य, म.थि.न.पा.-७



**बिजयप्रकाश साहुखल**
सदस्य, म.थि.न.पा.-८



**मनिषा परियार**
दलित महिला सदस्य, म.थि.न.पा.-८



**सुरेन्द्र था श्रेष्ठ**
सदस्य, म.थि.न.पा.-८



**रंजय कार्की**
सदस्य, म.थि.न.पा.-९



**सुन्तली विश्वकर्मा**
दलित सदस्य, म.थि.न.पा.-९



**उमेश ख्याजु**
सदस्य, म.थि.न.पा.-९

# कार्यपालिका सदस्यहरू



बालकृष्ण परियार
सदस्य



जसि सार्की
सदस्य



सरस्वती खड्का
सदस्य, म.थि.न.पा.१



सरोज परियार
सदस्य



शर्मिला विश्वकर्मा
दलित महिला, म.थि.न.पा.७



सिता विश्वकर्मा
सदस्य



तुइल माया चक्रधर
महिला सदस्य, म.थि.न.पा.८



उज्ज्वला थापा
महिला सदस्य, म.थि.न.पा.८

# Madhyapur Thimi Municipality

Image acquisition date: 5-6 May 2020

